का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ चैत २०८१,
शनिबार
29 March, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक ५५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अराजक राजावादी

आन्दोलनका कमान्डर भनिएका दुर्गा प्रसाईं आफैं द्रुत गतिमा कार हाँकेर निषेधाज्ञा तोड्न तम्सिएका थिए । उनले आन्दोलनकारीहरूलाई अघि बढ्न हौस्याएपछि प्रदर्शनकारीहरू उग्र र अराजक बनेका थिए



**निमिष झा/मध्यान्ह**
काठमाडौं, १५ चैत ।

वर्तमान गणतान्त्रिक व्यवस्थाको पक्ष र विपक्षमा राजधानीमा शुक्रबार एकै दिन २ प्रदर्शन भए । भृकुटीमण्डपमा समाजवादी मोर्चाले गणतन्त्रको पक्षमा र तीनकुनेमा राजावादी समूहले राजतन्त्रको पक्षमा प्रदर्शन गरे ।

तर, राजावादीको प्रदर्शन भने हिंसात्मक बनेको छ । प्रदर्शनकारीले लुटपाट मच्चाउनुका साथै आगजनी र तोडफोड गरेका छन् । स्थिति काबुबाहिर गएसँगै स्थानीय प्रशासनले तीनकुने क्षेत्रमा कर्फ्यू लगाएको छ ।

राजतन्त्र पुनर्स्थापना गर्न नवराज सुवेदी नेतृत्वको राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति र दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानसहित राप्रपालगायत समूहले प्रदर्शन गरेका थिए ।

समाजवादी मोर्चामा रहेका नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेत्रविक्रम चन्द नेतृत्वको नेकपा र नेपाल समाजवादी पार्टीले गरेको गणतन्त्र पक्षको आन्दोलन भने शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

## कसरी भयो अनियन्त्रित ?

प्रशासनले राजावादीहरूलाई तीनकुने क्षेत्रमा प्रदर्शन गर्ने स्थान तोकेको थियो । उता, समाजवादी मोर्चाको कार्यक्रम भृकुटीमण्डपमा तय भएको थियो । मोर्चाको कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न हुँदा राजावादीहरूले भने सुरुदेखि नै निषेधित क्षेत्र उल्लंघन गरेर नयाँ बानेश्वरतर्फ अघि बढ्ने प्रयास गरेका थिए ।

तीनकुने क्षेत्रमा राजावादीको शक्ति प्रदर्शन सुरु हुँदै गर्दा आन्दोलनका कमान्डर भनिएका दुर्गा प्रसाईं आफैं द्रुत गतिमा कार हाँकेर निषेधाज्ञा तोड्न तम्सिएका थिए । तीव्र गतिमा गाडी चलाउँदै उनले प्रहरी घेरासमेत तोडेका थिए । उनले आन्दोलनकारीहरूलाई अघि बढ्न हौस्याएपछि प्रदर्शनकारीहरू उग्र र अराजक बनेका थिए ।

निषेधित क्षेत्र तोड्न नदिएको आक्रोशमा प्रदर्शनकारीहरू भौतिक संरचना तोडफोड, आगजनी र लुटपाट गर्नतिर लागे । प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन सुरुमा लाठी प्रहार, अश्रुग्यास र हवाई फायर गरे पनि स्थिति नियन्त्रणमा आउन सकेन बरु प्रदर्शनकारीहरूले थप अराजक बन्दै व्यक्तिका घर, सरकारी तथा निजी घर गाडी, प्रहरी बिट, पार्टी कार्यालय तोडफोड र आगजनी गरे । उनीहरूले आसपासका घर, पसल तथा पृष्ठ २ मा

### ■ २ जनाको मृत्यु

शुक्रबार भएको प्रदर्शनमा २ जनाको मृत्यु भएको छ । तीनकुनेमा भएको प्रदर्शनका प्रहरीसँग भएको झडपमा कीर्तिपुर नगरपालिका- ४ गाम्चाका २९ वर्षीय सविन महर्जनको मृत्यु भएको छ ।

प्रहरीका अनुसार झडपका क्रममा उनको घाँटीमा गोली लागेको थियो । गोली लागेपछि ढलेका उनको उपचारार्थ लैजाँदा त्रिवि शिक्षण अस्पतालमा मृत्यु भएको हो ।

त्यसैगरी राजावादीले आगजनी गरेको तीनकुनेस्थित एक घरमा जलेर १ जना पत्रकारको मृत्यु भएको छ । राजावादीहरूले उग्र प्रदर्शनका क्रममा प्रहरी बसेको आरोपसहित आगो लगाइएको उक्त भवनमा जिउँदै जलेर एभिन्युज टेलिभिजनमा कार्यरत सुरेश रजकको मृत्यु भएको हो ।

### ■ कहाँ चुक्यो प्रहरी ?

राजावादीको प्रदर्शन हिंसात्मक हुन सक्ने सूचना गृह मन्त्रालय र सुरक्षा अंगले बिहीबार नै पाएका थिए । त्यस हिसाबले शुक्रबारको प्रदर्शनलाई ध्यान दिँदै नेपाल प्रहरी र सशस्त्र प्रहरीका गरी करिब ४ हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो । प्रसाईंले निषेधित क्षेत्र ताडेपछि सुरक्षाकर्मीले उनलाई रोक्न नसक्नुले नै प्रदर्शनलाई पृष्ठ २ मा

## उद्दण्ड प्रसाईं, ज्ञानेन्द्रमाथि प्रश्न

राजावादीको प्रदर्शन यति उद्दण्ड भयो कि व्यक्तिको ज्यान गयो, निजी सम्पत्तिमा क्षति भयो, सरकारी गाडी जले । आन्दोलनको न्यूनतम मान्यताको अवलम्बन भएन । राजावादीको यो प्रवृत्तिले पूर्वराजा ज्ञानेन्द्रले चाहेको के हो भन्ने प्रश्न खडा भएको छ



स्तवन्त्रताको मिसयुज (दुरुपयोग) भयो । सभ्य समाजले कल्पनासमेत गर्न नसक्ने हिंसा तीनकुने प्रदर्शनमा भएको छ

■ **छवि रिजाल**
**सहसचिव, गृह मन्त्रालय**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ चैत ।

शुक्रबार राजधानीमा राजावादीले प्रदर्शनका नाममा उद्दण्डता मच्चाएका छन् । राजावादीको प्रदर्शन यति उद्दण्ड भयो कि व्यक्तिको ज्यान गयो, निजी सम्पत्तिमा क्षति भयो, सरकारी गाडी जले । आन्दोलनको न्यूनतम मान्यताको अवलम्बन भएन । राजावादीको यो प्रवृत्तिले पूर्वराजा ज्ञानेन्द्रले चाहेको के हो भन्ने प्रश्न खडा भएको छ ।

सरकारले त राजावादीको गतिविधिलाई हिंसा भनेको छ । यसमा संलग्नलाई फौजदारी अभियोगमा कारबाही गर्ने गृह प्रशासनको प्रतिबद्धता छ ।

गृह मन्त्रालयका सहसचिव छवि रिजालका अनुसार तीनकुनेको प्रदर्शन आन्दोलन नभई हिंसात्मक भीड रहेको निष्कर्ष निकालिएको छ । उनी भन्छन्, 'स्वतन्त्रताको मिसयुज भयो । सभ्य समाजले कल्पनासमेत गर्न नसक्ने हिंसा तीनकुने प्रदर्शनमा भएको छ ।'

राजावादीको प्रदर्शनको रिपोर्टिङमा रहेका एभिन्युज टेलिभिजका पत्रकार सुरेश रजकको मृत्यु भएको छ । अर्का प्रदर्शनकारी २९ वर्षीय सविन महर्जनको पनि मृत्यु भएको छ । १५ जना प्रदर्शनकारी र १५ जना सुरक्षाकर्मी घाइते भएका छन् ।

राजावादी आन्दोलनको कमान्ड दुर्गा प्रसाईंले गरेका थिए । प्रसाईं नै उद्दण्ड भएर प्रहरी नै किचौंलाझैं गरी गाडी चलाएका थिए । प्रसाईंकै कारण आन्दोलन भड्किएको कतिपयको आँकलन छ ।

प्रसाईंलाई पूर्वराजा ज्ञानेन्द्र शाहको समर्थन रहेको बताइन्छ । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## अभिमुखीकरण तालिमका लागि २ क्लस्टर छान्न पाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ चैत ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारमा जाने कामदारलाई श्रम स्वीकृतिअघि अनिवार्य रूपमा दिँदै आएको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको क्लस्टर अपडेट गर्ने बताएको छ ।

विभागले त्यसका लागि ३१ चैतसम्म आवेदन दिन अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई आह्वान गरेको छ । यसअघि एउटा संस्थाले एउटा मात्र क्लस्टरमा तालिम दिन पाउने व्यवस्था थियो । विभागले अब २ वटासम्म क्लस्टरमा तालिम प्रदान गर्न अनुमति दिने बताएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जानुअघिको तालिमलाई व्यवस्थित र प्रभावकारी बनाउन देशगत तालिमको व्यवस्था गर्दै तालिम कार्यविधि, २०७६ मा दोस्रो संशोधन गरेको हो ।

गत माघमा देशगत समूह (क्लस्टर) छान्न सार्वजनिक सूचना जारी गर्दा १४३ वटा तालिम प्रदायक संस्थाले तोकिएअनुसारको पूर्वाधार निर्माण गरी देशगत क्लस्टर रोजेका थिए । हाल उनीहरूले छुटचाइएको क्लस्टरअनुसारको देशको मापदण्डअनुसार तालिम दिँदै आएका छन् ।

यसअनुसार हाल गल्फ कोअर्डिनेसन काउन्सिल (जीसीसी)अन्तर्गतका खाडी मुलुक साउदी अरेयिबा, कतार, कुवेत, यूएई, बहराइन र ओमानका लागि १०२ वटा, टर्की र साइप्रससहित युरोप समूहका लागि २४ वटा, जापान, कोरिया समूहका लागि ९ वटा, मलेसियाका लागि ६ वटा, जीसीसीमा आबद्ध नभएका अन्य क्लस्टरमा समावेश नभएका एसिया, अफ्रिका र अमेरिका महादेशबाहेकका लागि २ वटा र इजरायलका लागि सरकारी तालिम केन्द्र छुटचाइएको छ ।

तर, उक्त क्लस्टर कार्यान्वयन गर्ने सन्दर्भमा क्लस्टर असन्तुलित भएका कारण वैदेशिक रोजगारमा अफ्रिकी देश, माल्दिभ्स, श्रीलंकालगायतका देशमा वैदेशिक रोजगारीमा जान चाहने कामदारको समूह स्पष्ट नभएकाले ती देशमा वैदेशिक रोजगारीमा जानेहरू तालिम केन्द्र खोज्दै भौंतारिनुपरेको थियो ।

विभागले हाल उनीहरूलाई जीसीसी आबद्ध नभएका देशहरूमा राखेको छ । नेपाल अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले विभागको सूचनाले समस्याको समाधान भएको र कार्यविधिमा उल्लेख भएको शुल्क पनि कार्यान्वयनमा आएको टिप्पणी गरे ।

## बहसमा सीमित द्वन्द्वपीडित

न्याय दिने विषयमा शान्ति सम्झौताका हस्ताक्षरकर्ताहरू नै प्रतिबद्ध देखिएनन्



विद्रोही र सरकार पक्षबीच भएको ७ बुँदे सम्झौताअनुसार द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाको छानबिनमार्फत सत्यतथ्य उजागर गरी पीडितलाई न्याय दिलाउन नेपाली कांग्रेस सुरुदेखि नै प्रतिबद्ध छ

■ **शेरबहादुर देउवा**
**सभापति**
**नेपाली कांग्रेस**

**जीवन शर्मा/मध्यक्षन्ह**
काठमाडौं, १५ चैत ।

१० वर्षे सशस्त्र द्वन्द्वमा तत्कालीन विद्रोही पक्ष र राज्य पक्षको ज्यादतीबाट पीडित नागरिकलाई न्याय दिने विषयमा १८ वर्षदेखि भएको बहस अझै व्यवहारमा आउन सकेको छैन । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक ऐन बनेर आइसके पनि दलहरूबाट यसको कार्यान्वयन नहुँदा पीडितले न्याय पाउन नसकेका हुन् ।

५ मंसिर २०६३ मा भएको विस्तृत शान्ति सम्झौतासँगै द्वन्द्वपीडितले न्याय पाउने आशा गरेका थिए । सोही सालदेखि मुलुकले शान्तिको उत्सव मनाउँदै अएको छ ।

१ फागुन २०५२ देखि सुरु भएको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्त पार्न ५ मंसिर २०६३ मा तत्कालीन संसद्वादी ७ दलका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही पक्षबाट तत्कालीन नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच १२ बुँदे विस्तृत शान्ति सम्झौता भएको थियो ।



यद्यपि, यो विषय १८ वर्षदेखि राजनीतिक बहसमा मात्र केन्द्रित छ । शान्ति सम्झौताका मुख्य हस्ताक्षरकर्ता नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)ले संक्रमणकालीन न्यायसम्बन्धी विषयलाई भाषणमै सीमित गर्दै आएका छन् ।

द्वन्द्वपीडितले न्यायको अनुभूति गर्न नपाएको गुनासो सरकारले सुन्न नसकेको शहीद प्रतिष्ठान नेपाल ओखलढुंगाकी अध्यक्ष तथा नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्य चम्पा कार्कीले बताइन् । 'तत्कालीन द्वन्द्वरत पक्ष र ७ राजनीतिक दलबीच भएको विस्तृत शान्ति सम्झौतामामा लेखिएका कुराहरू कार्यान्वयन गर्ने विषयमा अहिलेसम्म राजनीतिक दलहरू प्रतिबद्ध देखिएका पाइएको छैन', उनले मध्यान्हसँग भनिन् ।

पीडितहरूको न्यायिक निरूपणका सन्दर्भमा दलहरू प्रतिबद्ध नदेखिएकै कारण अहिलेसम्म द्वन्द्वपीडितहरूले न्याय पाउन नसकेका उनको दाबी छ ।

यो विषयमा पछिल्लो पटक संसद्मा प्रतिनिधित्व गर्ने शान्ति सम्झौताका हस्ताक्षरकर्ता दल कांग्रेस, एमाले र माओवादीबीच शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन संक्रमणकालीन पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१६ चैत २०८१ शनिबार
29 March 2025, Saturday

# पश्चगमनको दुष्प्रयासविरुद्ध गोलबन्द हुन एमालेको आह्वान



**काठमाडौं/मस**–नेकपा (एमाले)ले सबै राजनीतिक दल पश्चगमनका दुष्प्रयासका विरुद्ध गोलबन्द हुन आह्वान गरेको छ। एमालेका महासचिव शंकर पोखरेलले शुक्रबार विज्ञप्ति जारी गर्दै सबै राजनीतिक दल, नागरिक समाज र आमनेपाली जनतालाई लोकतन्त्रका पक्षमा र पश्चगमनका दुष्प्रयासका विरुद्ध गोलबन्द हुन आह्वान गरेका छन्।

एमालेले पूर्वराजावादीहरूको अराजक समूहले काठमाडौंको तीनकुने, कोटेश्वर र जडिबुटी क्षेत्रमा देखाएको उडण्डता, अराजकता र हिंसाको घोर भत्सना गरेको छ। एमाले महासचिव पोखरेलले आजका आपराधिक क्रियाकलापमा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन र शान्ति सुरक्षाको प्रभावकारी प्रबन्ध गर्न सरकारसँग माग गरेका छन्।

'शान्तिपूर्ण प्रदर्शनका नाममा सुरक्षा घेरा तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने, हतियार खोस्ने, सर्वसाधारण नागरिकका घर, व्यावसायिक भवन, सञ्चार गृह, राजनीतिक दलका कार्यालय र सरकारी भवन माथि आगजनी गर्ने, लुटपाट गर्ने, जानी-जानी हिंसा र आतङ्कलाई दुरुत्साहन गर्ने तथा मुलुकको लोकतान्त्रिक प्रणालीलाई बिथोलेर अराजकतातिर धकेल्ने यस्ता आपराधिक क्रियाकलाप निन्दनीय छन्,', महासचिव पोखरेलले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

उनले एमाले लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधानको रक्षाका लागि दृढतापूर्वक उभिने संकल्प समेत गरेको बताएका छन्।

# हिंसात्मक गतिविधि बन्द गर्न आयोगको आग्रह




**काठमाडौं/मस**-राष्ट्रिय मानवअधिकार आयोगले आन्दोलनरत पक्षलाई हिंसात्मक गतिविधि बन्द गर्न आग्रह गरेको छ। आयोगका प्रवक्ता डा.टिकाराम पोखरेलले शुक्रबार जारी गरेका विज्ञप्तिमा आन्दोलरत पक्षलाई आफ्ना प्रदर्शन र कार्यक्रमलाई शान्तिपूर्ण बनाउन आग्रह गर्दै हिंसात्मक गतिविधि बन्द गर्न अनुरोध गरेका हुन्।

कुनै पनि बहानामा हिंसात्मक गतिविधि र अरुको अधिकारको उपभोगमा अवरोध गर्ने कार्य स्वीकार गर्न नसकिने भन्दै आयोगले सरकारलाई हिंसात्मक कार्यमा संलग्न जोकोहीलाई कानुनी दायरामा ल्याइ कारबाही गर्न आग्रह गरेको छ।

'समाजवादी मोर्चामा संलग्न विभिन्न राजनीतिक दल र राजतन्त्र समर्थक विभिन्न राजनीतिक दल र संगठनहरुले चैत १५ गते उपत्यकामा गरेको प्रदर्शन र आमसभाको आयोगले चार वटा उच्चस्तरीय टोलीहरू बनाइ अनुगमन गरेको थियो', उनले भनेका छन्, 'काठमाडौंको तीनकुनेमा राजतन्त्र समर्थकद्वारा भएको प्रदर्शन र आमसभा हिंसात्मक हुन पुगेको अनुगमनबाट पाइएको छ।'

आयोगले अनुगमन गर्दा प्रदर्शनकारी तीनकुनेबाट प्रहरीको घेरा तोडी निषेधित क्षेत्र नयाँवानेश्वरतर्फ प्रवेश गर्न खोज्दा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको, प्रदर्शनकारीले प्रहरीमाथि ढुंगा प्रहार गरेको, व्यक्तिको घरमा ढुंगा हान्ने र आगजनी गर्ने काम गरेको पाइएको जनाइएको छ।

आयोगले झडपमा परी प्रहरी र प्रदर्शनकारी दुवैतर्फ घाइते भएका छन्। प्रदर्शनकारीले तीनकुने क्षेत्रमा सञ्चारमाध्यमका भवन, कलेजका भवन, तथा व्यक्तिगत घरमा आगजनी र आक्रमण गर्नुका साथै आगो निभाउन हिँडेका दमकल तथा सशस्त्र प्रहरीको गाडीमा समेत ढुंगा प्रहार गरेका आयोगले जनाएको छ।

आयोगका प्रवक्ता डा.पोखरेलले अनुगमनका क्रममा हिँडेको आयोगको अनुगमन टोलीमाथि प्रदर्शनकारीबाट कोटेश्वरमा सांघातिक आक्रमण गरी अनुगमन टोलीमा संलग्न कर्मचारीलाई घाइते बनाएका बताए।

'प्रहरीले भीड नियन्त्रण गर्न पानीका फोहराको प्रयोग र हवाइ फायर गरेको तथा व्यक्तिको निजी आवास प्रयोग गरी अश्रु ग्यास प्रहार गरेको देखिएको छ,' उनले भनेका छन्।

आयोगले शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने मानव अधिकारको विषय भएता पनि आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा असर पार्नु मानव अधिकारको मूल्यमान्यता विपरीत हुन जाने बताएको छ।

# लोमान्थाङमा अस्पताल बन्यो, छैन उपकरण र जनशक्ति



**मुस्ताङ/मस**-उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा पाँच श्ययाको आधारभूत अस्पताल भवन निर्माण गरिएको छ। संघीय सरकारको एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गत लोमान्थाङ गाउँपालिकाको सहलगानीमा साढे दुई तले आधारभूत स्वास्थ्य सेवा भवन निर्माण गरिएको हो। उपल्लो मुस्ताङका नागरिकलाई स्वास्थ्य सेवा पुऱ्याउने गरी आर्थिक वर्ष २०७८/७९ मा पूर्वाधार निर्माणको ठेक्का सम्झौता गरिएको थियो। सम्झौता अवधि दुई वर्ष रहेको लोमान्थाङस्थित आधारभूत स्वास्थ्य सेवा पूर्वाधार निर्माण चल्दै गर्दा कोरोना माहामारी र प्रतिकूल मौसमलगायतका कारण तोकिएको समय सम्पन्न हुन सकेको थिएन। ठेक्का सम्झौताअनुसार उक्त भवन आव २०८०/८१ जेठमा सकिनुपर्ने थियो।

लोमान्थाङ-५ लोमान्थाङ बजार नजिक २७ कोठे भवन निर्माण गरिएको हो। उक्त भवन रु सात करोड १९ लाखको लागतमा निर्माण सम्पन्न गरिएको गाउँपालिकाका निमित्त कार्यालय प्रमुख विकास केसीले जानकारी दिए।

विशेषज्ञ चिकित्सकसहितको सेवा प्रवाह गर्ने उद्देश्यले शल्यक्रिया कक्ष, एक्सरे कक्ष, ल्याब कक्ष, प्रसूति कक्ष, फार्मेसी कक्षलगायत चिकित्सक तथा स्वास्थ्यकर्मी बस्ने आवास निर्माण गरिएको उनले जानकारी दिए।

लोमान्थाङका अध्यक्ष टसीनर्बु गुरुङले उपल्लो मुस्ताङका नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको सुविधा पुऱ्याउन भवन निर्माण गरिएको बताए। भवन बनेपनि सेवा सञ्चालन गर्न उपकरण र जनशक्ति अभाव भएको उनको भनाइ छ। 'सेवा सञ्चालन गर्न संघीय तथा प्रदेश सरकारको सहयोगको आवश्यकता छ', अध्यक्ष गुरुङले भने।

# संचारकर्मीको निधन र संचारगृहमाथिको आक्रमणको भर्त्सना

**काठमाडौं/मस**–अनलाइन टिभी पत्रकार संघ नेपालले राजतन्त्र फर्काउन माग गर्दै काठमाडौंको तीनकुने लगायतका क्षेत्रमा शुक्रबार भएको आन्दोलनका क्रममा एक सञ्चारकर्मीको निधन र सञ्चारगृहमाथि भएको आक्रमण घटनाको घोर निन्दा गरेको छ। संघका अध्यक्ष जीवन भण्डारीले शुक्रबार विशेष वक्तव्य जारी गर्दै घटनाको निन्दा गरेका हुन्।

तीनकुनेस्थित एक घर माथिबाट आन्दोलनको भिडियो खिचिरहेका बेला त्यही घरमा आन्दोलनकारीहरूले आगजनी गरेपछि एभिन्युज टेलिभिजनका क्यामेरा पर्सन सुरेश रजकको निधन भएको छ भने तीनकुने स्थित अन्नपूर्ण पोष्टको केन्द्रीय कार्यालय, कान्तिपुर टेलिभिजनको केन्द्रीय कार्यालय र समाचार संकलनमा परिचालित हिमालय टेलिभिजनको सवारी साधनमा राजावादी आन्दोलनकारीहरूले आक्रमण र आगजनी गरेका छन्।

आन्दोलनकारीलाई कुनै बाधा नगरी आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका सञ्चारकर्मी र सञ्चार गृहमाथिको आक्रमणको कडा रूपमा विरोध गरिएको छ।

वक्तव्यमा भनिएको छ, 'शान्तिपूर्ण आन्दोलन गर्न पाउनु नागरिकको संवैधानिक अधिकार भएपनि आन्दोलनकारीहरूले हिंसा भड्काउँदै छानीछानी र नियोजित रूपमा सञ्चारकर्मी र सञ्चार गृहमाथि आक्रमण गर्नु अक्षम्य हो। सञ्चारकर्मी र सञ्चारगृहमाथि आक्रमण गर्नेहरूलाई तत्काल पक्राउ गरी कडाभन्दा कडा कारबाही गर्न र पीडितहरूलाई राहत उपलब्ध गराउन अनलाइन टिभी पत्रकार संघ जोडदार माग गर्दछ।' त्यसैगरी आगामी दिनमा यस्ता क्रियाकलाप नगर्न र आफ्ना आन्दोलनहरूलाई शान्तिपूर्ण बनाउन पनि आन्दोलनकारीहरूलाई आग्रह गरिएको छ।

साथै 'सुरक्षा पहिले' भन्ने नीतिलाई आत्मसाथ गर्दै आफ्नो सुरक्षालाई ध्यान दिएर मात्रै समाचार संकलनको कार्य गर्न सम्पूर्ण सञ्चारकर्मीहरूलाई पनि हार्दिक आह्वान गरिएको छ।

# बुल्गेरिया पठाइदिन्छु भनी ठगी गर्ने व्यक्ति पक्राउ

**काठमाडौं/मस**–वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी बुल्गेरिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा कीर्तिपुर नगरपालिका-९ बस्ने झापा बिर्तामोड नगरपालिका-४ घर भएका ५७ वर्षीया आशा परियारलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ। आशाले बुल्गेरिया पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट २ लाख रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई कीर्तिपुर नगरपालिका-९ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

# अन्नपूर्ण आरोहणका लागि ४२ जनाले अनुमति लिए

**म्याग्दी/मस**-वसन्तयाममा अन्नपूर्ण प्रथम हिमाल आरोहरणका लागि ४२ जनाले अनुमति लिएका छन्। आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्दछ।

वसन्तयामका लागि चार समुहका ३० पुरुष र १२ जना महिलाले अन्नपूर्ण आरोहणका लागि अनुमति लिएका पर्यटन विभागका निर्देशक आरती न्यौपानेले जानकारी दिइन्।

उनका अनुसार वसन्तयामका लागि हालसम्म नेपालका पाँच वटा हिमाल आरोहरण गर्न ५८ जनाले अनुमति लिएकामा सबैभन्दा बढी अन्नपूर्ण आरोहण गर्नेहरू छन्। अघिल्लो वर्षभन्दा यो वर्ष अन्नपूर्ण आरोहण गर्न अनुमति लिने आरोहीहरू बढेका छन्।

अन्नपूर्ण हिमाल आरोहण अनुमति दिएबापत विभागले रु एक करोड ४७ लाख नौ हजार चार सय २० शुल्क संकलन भएको विभागका निर्देशक न्यौपानेले जानकारी दिइन्।

उनका अनुसार अघिल्लो वर्षको वसन्तयाममा २५ जनाले अनुमति लिँदा रु ५९ लाख ६१ हजार सात सय ८० शुल्क संकलन भएको थियो।अनुमति लिएका आरोहीहरू आधार शिविर पुग्न थालेका अन्नपूर्ण आधार शिविर र मौरिस हर्जोज पदमार्गका अभियन्ता तेज गुरुङले बताए। अन्नपूर्ण आरोहणका लागि योयाम उपयुक्त मानिन्छ। उनका अनुसार अन्नपूर्णको हालसम्म चार सय ८८ जनाले सफल आरोहण गरेका छन्। आरोहणको ७५ वर्ष पूरा भएको अवसरमा आगामी जेठ २० गते अन्नपूर्ण गाउँपालिकाले अन्नपूर्ण आधार शिविरमा विशेष कार्यक्रमको तयारी गरेको पालिका कार्यालयले जनाएको छ।

सन् १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्णमा पहिलो पटक आरोहण गरेका थिए। मौरिसले अन्नपूर्ण आरोहण गरेको तीन वर्षपछि सन् १९५३ मा सर एडमण्ड हिलारी र तेन्जिननोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए।

## कसरी...

राजनीतिक पार्टीका कार्यालयहरूमा आगजनी गरे भने कोटेश्वरमा रहेको भाटभटेनी सुपर मार्केटमा लुटपाट गरे।

राजावादीहरूले कान्तिपुर टीभीको भवन, अन्नपूर्ण पोस्टको कार्यालय भवन, सिनामंगलस्थित नागरिक उड्डयन प्राधिकरणको कार्यालयसहित कोटेश्वस्थित प्रहरी बिटलगायतका संरचना तोडफोड गर्नुका साथै कतिपयमा आगजनी गरे। जडीबुटीस्थित जडीबुटी प्रशोधन केन्द्रको कार्यालयसमेत उनीहरूले जलाएका छन्।

आलोकनगरमा रहेको नेकपा (एकीकृत समाजवादी)को कार्यालयका कागजपत्र तथा फर्निचरहरू बाहिर निकालेर जलाउनुका साथै कार्यालय भवनमै आगो लगाएका छन्। राजवादीको ढुंगा प्रहारबाट तीनकुने र कोटेश्वर क्षेत्रमा व्यक्तिका दर्जनौं निजी घरका सिसा फुटेका छन्।

राजावादी समूहको प्रदर्शन उग्र बन्दै गएपछि काठमाडौं प्रशासनले शुक्रबार साढे ४ बजेदेखि गौशाला, तीनकुने, गैरीधारा, कोटेश्वर, जडीबुटी, बालकुमारी, शंखमूल, पुरानो बानेश्वर र नयाँ बानेश्वर आसपास निषेधाज्ञा लगाएको थियो।

शुक्रबार प्रदर्शन आह्वान गरेको अघिल्लो दिन बिहीबार प्रसाईंले पूर्वराजा ज्ञानेन्द्र शाहसँग भेटेर राजसंस्था र हिन्दु राज्य स्थापना गराउनु आफ्नो धर्म भएको बताएका थिए। त्यसै दिन उनी राजावादीतर्फको संयुक्त जनआन्दोलन समितिको कमान्डरसमेत तोकिएका थिए।

राजावादीको प्रदर्शन अराजक बन्दै गएपछि उनीहरूले तय गरेको सभा गर्ने कार्यक्रम पनि आफ्नै कारणले बिथोलियो।

प्रदर्शनमा पुगेका राप्रपाका महामन्त्री धवलशम्शेर जबराले आफूहरू मञ्चमा आउँदाआउँदै प्रहरीले धरपकड गरेपछि अवस्था बिथोलिएको दाबी गरे।

संसद्को पाँचौं ठूलो दल रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रापा)ले राजतन्त्रको पुनर्स्थापना र हिन्दु राज्यको मुद्दा उठाइररहे पनि सुवेदीको नेतृत्वमा गठन भएको समिति सक्रिय भएर प्रसाईंलाई कमान्डर बनाइएपछि त्यसको नेतृत्वमा राप्रपा देखिनुले धेरै राजावादीलाई आश्चर्यमा पारेको छ।

कुनै बेला माओवादीमा रहेका र पछि एमालेको केन्द्रीय सदस्य बनेका प्रसाईं छोटो समयकै अन्तरालमा राजावादी आन्दोलनको मुख्य अनुहार बनेपछि धेरैले चासोपूर्वक हेरेका छन्।

व्यक्तिगत तथा सार्वजनिक जनधनको क्षति हुनेगरी राजावादीको आन्दोलन भड्किएपछि उनको नेतृत्वलाई लिएर प्रश्नहरू पनि उठेका छन्।

आन्दोलनका नेता भएर पनि उनी स्वयंले देखाएको अराजक शैलीका कारण नै राजावादीको प्रदर्शन अराजक बनेपछि सरकारले उनीमाथि कारबाही गर्ने संकेत गरेको छ।

विश्लेषकरू राजावादीको शुक्रबारको प्रदर्शनले उनीहरूको आन्दोलन पहिलो चरणमै निस्तेज भएको बताउँछन्।

बारम्बार विवादित अभिव्यक्तिहरू दिएर चर्चामा आउने प्रसाईं सुरुमा डा. गोविन्द केसीको आन्दोलनविरुद्ध उभिएर चर्चामा आएका थिए।

सरकारलाई दबाबमा पार्नेगरी मापदण्ड पूरा नगरेका मेडिकल कलेजलाई चिकित्साशास्त्र अध्यापन गराउन सम्बन्धन दिन नहुनेलगायतका माग राखेर केसी अनसनमा बस्दा प्रसाईंले त्यसविरुद्ध उभिएका थिए।

विश्लेषकहरूका अनुसार पूर्वराजालाई गद्दी चाहिए पनि उनमा दूरगामी सोच भने छैन। पूर्वराजाले आन्दोलनको नेतृत्व गर्ने जिम्मा प्रसाईंलाई दिनु नै उनको पहिलो असफलता भएको टिप्पणी पनि गरिएको छ।

उनीहरूका अनुसार संस्थागत हिसाबले राप्रपा, राप्रपा-नेपाल पनि आन्तरिक विवादका कारण पूर्वराजासँग रुष्ट देखिन्छन्। कोही पाखा लागेर बसेका छन्। ती सबैलाई परिचालन गरेर जान सक्ने सोच पूर्वराजाको पनि देखिँदैन।

## कहाँ...

हिंसात्मक बन्न सहयोग गरेको हो। तीनकुने क्षेत्रमा बानेश्वर वृत्तका प्रहरी नायब उपरीक्षक (डीएसपी)ले कमान्ड गर्न नसकेको र फिल्डमा खटिएका प्रहरी उपरीक्षक (एसपी)ले आदेश दिन नसकेको देखिएको छ। साथै, काठमाडौं उपत्यकाको कमान्ड गरिरहेका अतिरिक्त महानिरीक्षक (एआईजी)ले पनि फिल्डमा खटिएका कर्मचारीलाई उपयुक्त निर्देशन दिन चुकेका हुन्।

**प्रसाईंलाई प्रक्राउ गर्न आदेश**

आगजनी, तोडफोड र लुटपाटको घटनामा मुख्य जिम्मेवार ठहर गर्दै दुर्गा प्रसाईंलाई पक्राउ गर्न सरकारले आदेश दिएको छ। उनी अहिले सर्म्पकविहीन भएका छन्। उनलाई पक्राउ गर्न भक्तपुरस्थित घरमा खोजी गर्दा प्रहरीले फेला पार्न सकेन। उपत्यका प्रहरी कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको टोली उनको खोजीमा जुटेको छ।

भीडलाई उक्साएर अराजकता मच्चाएपछि प्रसाईं तीनकुनेबाट बाहिरिएका थिए। उनीविरुद्ध यौनिक अल्पसंख्यक सुनिलबाबु पन्तले साइबर अपराधमा उजुरी दर्ता पनि गराएका छन्।

प्रहरीले आन्दोलनको अघिल्लो दिन केही व्यक्तिमाझ दुर्गा प्रसाईंले आन्दोलनमा दमन गर्ने अवस्था ल्याउने र केही मान्छे मरेपछि नेताहरूका घर र पार्टी कार्यालयमा छिर्ने योजना बनाएको भिडियोसमेत भेटेपछि उनलाई पक्राउ गर्न लागिएको हो।

**के भन्छ सरकार ?**

गृह मन्त्रालयका सहसचिव छवि रिजालले पूर्वराजाका समर्थकहरूको प्रदर्शन हिंसात्मक भएका कारण सरकारले आगामी दिनमा त्यसविरुद्ध कडा नीति अपनाउने चेतावनी दिएका छन्।

'यो आपराधिक लुटपाटको हिंसाजनक अमानवीय कार्य हो। यसमा सरकार आज जस्तै संयमित भएर आगामी दिनमा बस्छ जस्तो मलाई लाग्दैन', उनले भने। उनले ठूलो परिमाणमा क्षति हुँदै गयो भने सरकारको मूलभूत दायित्व व्यक्तिको सम्पत्तिको सुरक्षा गर्नु रहेको बताए।

'आन्दोलनको नेतृत्व दुर्गा प्रसाईंले गरेको हुनाले मूलभूत रूपमा तोडफोड र आगजनीको घटनाप्रति उहाँ नै जिम्मेवार हुनुहुन्छ। जति पनि क्षति भएको छ, यसको पूर्ण रूपमा जिम्मेवारी पनि आयोजकका तर्फबाट उहाँहरूले नै लिनुपर्छ', मन्त्रालयले शुक्रबार साँझ गरेको पत्रकार सम्मेलनमा रिजालले भने। घटनामा कानुनको उल्लंघन गर्नेलाई कारबाही गरिने पनि उनले चेतावनी दिए।

यसबीच समाजवादी मोर्चाले राजावादीको गतिविधिलाई अराजकताको संज्ञा दिएको छ। मोर्चाले आफ्नो प्रदर्शनपछि विज्ञप्ति जारी गरेर राजावादीको गतिविधिलाई अराजकताको संज्ञा दिएको हो। 'यो उच्छृंखल र अराजक कार्यको हामी घोर भर्त्सना एवं निन्दा गर्दछौं', समाजवादी मोर्चामा आवद्ध दलका शीर्ष नेताहरूले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

उनीहरूले राजावादीको गतिविधिमा संलग्नलाई कारबाही गर्न माग पनि गरेका छन्। पुनरुत्थानवादी र उच्छृंखल प्रतिगामी तत्वहरूले अराजकता सिर्जना गर्दै अगाडि बढेका उनीहरूले भनेका छन्।

## उद्दण्ड...

पूर्वराजा ज्ञानेन्द्रले बनाएको संयन्त्रका संयोजक नवराज सुवेदीको शुक्रबारको प्रदर्शनमा समर्थन थियो। राष्ट्रिय प्रजातन्त्र पार्टी (पार्टी)ले समर्थन रहेको जनाएको थियो। यसको पछाडि पूर्वराजा ज्ञानेन्द्र नै रहेका छन्। यस कारण ज्ञानेन्द्रले के चाहेका हुन् ? भनेर प्रश्न उठेको छ।

१० वर्षे माओवादी सशस्त्र युद्ध, २०६२/०६३ सालको जनआन्दोलन र मधेश आन्दोलनको पृष्ठभूमिमा नेपालबाट राजतन्त्र अन्त्य भएको थियो।

२८ चैत २०६४ मा सम्पन्न संविधानसभाको चुनावबाट निर्वाचित संविधानसभाको पहिलो बैठक (१५ जेठ २०६५)ले नेपालबाट राजतन्त्र अन्त्यको घोषणा गरेको थियो। तर, पछिल्लो समय पूर्वराजा ज्ञानेन्द्रको उक्साहटमा राजतन्त्र पक्षधर पुनः सल्बलाउन थालेका छन्। यो सल्बलाहटको गन्तव्य के हो ? प्रस्ट हुन नसकेको राजनीतिक वृत्तमा चर्चा हुन थालेको छ।

## बहसमा...

न्यायसम्बन्धी विवाद हेर्ने २ आयोगमा पदाधिकारी सिफारिस गर्ने समिति गठनको प्रक्रिया अघि बढाउने सहमति भएको थियो। त्यसयता यो विषयमा थप बहस चल्दै आएको छ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विद्रोही पक्ष र सरकारबीच भएको सम्झौताअनुसार द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाको छानबिनमार्फत सत्यतथ्य उजागर गरी न्याय दिलाउन प्रतिबद्ध रहेको बताएका छन्।

बिहीबार 'जबाफदेहिता निगरानी समिति' र द्वन्द्वपीडित संगठनहरूले आयोजना गरेको संक्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै देउवाले द्वन्द्वपीडितलाई न्याय दिलाउने विषयमा आफू सधैं संवेदनशील रहेको बताए। 'विद्रोही र सरकार पक्षबीचमा जो ७ बुँदे सम्झौता भएको थियो, त्यसअनुसार द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाको छानबिनमार्फत सत्यतथ्य उजागर गरी न्याय दिलाउन नेपाली कांग्रेस सुरुदेखि नै प्रतिबद्ध रहिआएको छ। पीडितलाई न्याय दिने विषमा हामीबीच कुनै मतभेद छैन, दुई मत छैन', उनले भने।

कांग्रेस-एमाले नेतृत्वको यो सरकार शान्ति सम्झौताका बाँकी काम पूरा गर्न अघि बढेको देउवाले दाबी गरे। 'संक्रमणकालीन न्यायका लागि नै सरकारले भर्खरै सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारीको नियुक्तिका लागि सिफारिस समिति गठन गरिसकिएको छ', देउवाले भने, 'सम्भवतः यी आयोगहरूले छिट्टै पूर्णता पाउने छन्।'

आयोगले शान्ति सम्झौताको मर्मअनुसार सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघनका विषयमा सत्यतथ्य पत्ता लगाएर न्याय दिलाउने देउवाको दाबी छ।

विस्तृत शान्ति सम्झौताको आधार नै द्वन्द्वपीडितलाई ६ महिनाभित्र न्याय दिने शर्त बनेको थियो। यही शर्तलाई टेकेर देशमा सुनौलो भविष्यको परिकल्पनासहित गणतन्त्रात्मक शासन व्यवस्था आए पनि पीडित अझै पीडाबाट मुक्त हुन सकेका छैनन्। सशस्त्र द्वन्द्वमा अनाहकमै ज्यान गुमाएका १७ हजार नागरिकले अहिलेसम्म न्याय नपाएका पीडित परिवारको गुनासो छ। द्वन्द्वपीडितलाई न्याय दिने आशा र लोभ देखाएर सबै राजनीतिक दलका मुख्य नेताहरू पटक-पटक राज्य सत्ताको नेतृत्वमा पुगिसकेका छन्। उनीहरूले विभिन्न सार्वजनिक कार्यक्रममा पीडितले चाँडै न्याय पाउने आशासमेत देखाउन छाडेका छैनन्।

द्वन्द्वपीडितलाई न्याय दिलाउने उद्देश्यले लामो प्रयासपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक ७ महिनाअघि राष्ट्रपतिबाट प्रमाणीकरण भए पनि ऐन कार्यान्वयनमा दलहरूले गति दिन नसकेको सरोकारवालाहरूले टिप्पणी गर्दै आएका छन्।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पास भएकाले द्वन्द्वपीडितमा लामो समयपछि न्याय पाउने आशा पालाएकाले यो विषय सकारात्मकतातिर जान थालेको वरिष्ठ अधिवक्ता अरुण पौडेलले बताए।

'सरोकारावाला पक्षहरूसँग पनि छलफल र अन्तरक्रियाबाट सत्य निरूपण हुनुपर्छ', उनले भने, 'द्वन्द्वपीडित एवं मानवअधिकार समुदायको चिन्ता र चासोलाई सरकारले समयमै सम्बोधन गर्नेगरी अघि बढ्न सक्नुपर्छ, यो विषय बहसमा सीमित नहोस्।'

# ‘बुद्धको शान्ति र शिक्षाको सान्दर्भिकता आजको दिनमा झन् बढेको छ’

**लुम्बिनी/मस-** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गौतमबुद्धका सन्देशलाई विश्वभर प्रचारप्रसार गरी शान्तिदूतको भूमिका निर्वाह गर्न सकिने बताएकी छन् ।

लुम्बिनीमा शुक्रबार थुक्छे छोइलिङ्ग मोनास्ट्री गुम्बाको शिलान्यास गर्दै पूर्वराष्ट्रपति भण्डारीले बुद्धका शान्ति, करुणा र शिक्षाको महत्व आजको समयमा झनै बढेको उल्लेख गरिन् ।

‘गौतमबुद्धले अहिंसा, करुणा र शान्तिको मार्ग देखाउनुभयो । उहाँका शिक्षाले संसारभर करोडौं मानिसलाई प्रेरित गरेका छन् । तर, आज पनि कतिपय विकसित र शक्तिशाली देशहरूबीचको होडबाजीका कारण सर्वसाधारण नागरिक गोलाबारीको सिकार बन्नुपरेको, हिंसाको डर र त्रासमा बाँच्नुपर्ने अवस्था छ’, उनले भनिन्,‘त्यसैले बुद्धका शान्ति, करुणा र शिक्षाको सान्दर्भिकता आजको दिनमा झन बढेको छ ।’

लुम्बिनी बौद्ध दर्शनको उद्गमस्थल भएको उल्लेख गर्दै उनले बौद्ध शिक्षा तथा दर्शनलाई अन्तरराष्ट्रिय केन्द्रका रूपमा




विकास गर्नुपर्ने धारणा राखे । बुद्धका उपदेशहरू विश्वभर फैलाउने माध्यमका रूपमा लुम्बिनीको महत्वपूर्ण भूमिका रहने बताउँदै उनले बौद्ध सम्पदाको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिइन् ।

त्यस अवसरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गौतमबुद्धको जन्मस्थल लुम्बिनीको समग्र विकासका लागि तीन तहका सरकारबीच सहकार्य अपरिहार्य रहेको बताए । उनले संघीय सरकारले लुम्बिनीको विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्ने धारणा राखे ।

मुख्यमन्त्री आचार्यले लुम्बिनी क्षेत्रको विकास गुरुयोजनाका आधारमा अघि बढाउनुपर्नेमा जोड दिँदै, त्यसबाहिरका काम नहुनुपर्ने स्पष्ट पारे । उनले गुम्बा निर्माणका नाममा जग्गा रोकिराख्ने वा अधुरो छाड्नेजस्ता प्रवृत्तिको अन्त्य आवश्यक रहेको उल्लेख गरे ।

लुम्बिनी विकास गुरुयोजनाअनुसार ४२ वटा प्लट निर्धारण गरिएका छन् । उनले विश्वभर बुद्धको शान्ति र ज्ञान फैलाउन गुम्बाहरूले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य वासुदेव घिमिरेले बुद्ध जन्मस्थलमा यस खालका गुम्बा निर्माण हुँदा पर्यटकीय गतिविधि बढाउन महत्वपूर्ण हुने बताए । उनले लुम्बिनी विकास कोषले स्थानीय नागरिकसँग पनि सहकार्य गरेर आफ्ना कार्यक्रम गर्न अनुरोध गरे ।

लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले यस्ता संरचना निर्माण विकास कोषको गुरुयोजनाअनुरुप नै भएको स्पष्ट पारे ।

# कीटजन्य रोगबाट बच्न सचेतना अपनाउन आग्रह

**काठमाडौं/मस-** गर्मीयामको सुरुआत भएसँगै नेपालमा किटजन्य रोगहरूको जोखिम बढ्नसक्ने भएकाले विज्ञले सचेतना अपनाउन आग्रह गरेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रवक्ता डा.प्रकाश बुढाथोकीले मन्त्रालयको साप्ताहिक ब्रिफिङमा गर्मीमा कीटजन्य रोगको जोखिम बढ्ने र दूषित पानीका कारण विभिन्न संक्रमणहरू फैलने जोखिम हुने बताए ।

उनले शुद्धीकरण नगरिएको पानी र दूषित खानाले झाडापखाला, टाइफाइड, जन्डिस र हैजाजस्ता रोगहरूको जोखिम बढाउनसक्ने बताए । उनले त्यस्ता जोखिमबाट बच्न पानी उमालेर वा क्लोरिन झोलको प्रयोग गरी शुद्धीकरण गरेर मात्र प्रयोग गर्ने सुझाव दिए । उनले भने, ‘स्वच्छ, सफा र पौष्टिक आहार खाऔँ । प्रशस्तमात्रामा फलफूल तथा हरियो सागसब्जी सेवन गर्ने गरौँ । खाद्य



पदार्थहरूलाई सुरक्षित तरिकाले भण्डारण गर्नुपर्छ । शौचालयमा मात्र दिसापिसाब गर्ने गरौं ।’

त्यस अवसरमा प्रवक्ता डा.बुढाथोकीले तापक्रम वृद्धि भएसँगै कीटजन्य रोगहरू जस्तै डेङ्गी, मलेरिया, जापानिज इन्सेफलाइटिसको पनि जोखिम बढ्ने बताए । उनले अनुसार संक्रमणबाट बच्न वरपरको वातावरण सफा राख्ने, लामखुट्टेको नियन्त्रण गर्न घर, कार्यालय, विद्यालय आदि वरपर पानी जम्न नदिने, लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गर्ने, झ्याल, ढोकामा जाली राख्ने तथा लामखुट्टे भगाउने धुपको प्रयोग गर्नुपर्छ ।

उनले हाल मौसममा आएको परिवर्तनसँगै रुघाखोकी, ज्वरोजस्ता लक्षणसहितका फ्लूका बिरामीहरुको चाप अस्पतालमा बढ्दै गएकाले फ्लूबाट बालबालिका, वृद्धवृद्धा, गर्भवती, दीर्घरोगीहरु बढी जोखिममा हुने भएकाले सावधानी अपनाउन आग्रह गरे । ‘साबुनपानीले हात धुने, मास्कको प्रयोग गर्ने, काम नपरी भिडभाडमा जाने नगरौँ’ उनले भने ।

उनले स्वास्थ्यसँग सम्बन्धित कुनै जिज्ञासा वा गुनासो भए मन्त्रालयको हेल्लो स्वास्थ्य कल सेन्टर १११५ मा बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म फोन गरेर वा इमेल गर्न पनि सकिने बताए । स्वास्थ्य मन्त्रालयले हरेक शुक्रबारको १ बजेर ३० मिनेटमा साप्ताहिक मिडिया ब्रिफिङ गर्दै आएको छ ।

# ‘नगरकोट भ्रमण वर्ष, २०८२’ सफल पार्ने प्रतिबद्धता

**भक्तपुर/मस-** आगामी वैशाख १ गतेदेखि सुरु हुने ‘नगरकोट भ्रमण वर्ष-२०८२’ सफल पार्न सबै सरकारी कार्यालय एवं सरोकारवाला निकायले प्रतिबद्धता व्यक्त गरेको छ ।

चाँगुनारायण नगरपालिका कार्यालयमा शुक्रबार प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको नेतृत्वमा सम्पन्न सरकारी कार्यालयका प्रमुखसँग भ्रमण वर्षसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सरकारी कार्यालयका प्रमुखले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अर्यालले नगरकोट भ्रमण वर्ष चाँगुनारायणको मात्रै नभइ भक्तपुर र देशकै प्रतिष्ठाको विषय भएकाले यसलाई सफल पार्न सबै कार्यालयले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने बताए । भ्रमण वर्षमा पर्यटकको शान्ति सुरक्षाको व्यवस्थामा ढुक्क हुन नगरपालिकालाई आग्रह गर्दै उनले नगरकोटलाई ‘ब्राण्डिङ’ गर्ने गरी काम गर्नुपर्ने औँल्याए ।

‘नगरकोट यसै पनि पर्यटकीय गन्तव्य हो, महोत्सवमा अझ बढी चासो हुन्छ, नगरकोट आउनु अगाडि स्वदेशी तथा विदेशी पर्यटकले यहाँको विशेषता के हो



भनेर बुझ्न खोज्छन्, सूर्योदय, सूर्यास्त र हिमाल मात्रै होइन, यहाँको उत्पादन, कला, संस्कृति र पहिचानलाई पनि ब्राण्डिङ बनाएको छ, त्यसको बिक्री गर्नुपर्छ’, प्रजिअ अर्यालले भने,‘ यहाँको विभिन्न उत्पादनदेखि हस्तकलाका सामानका लागि बिक्रीका लागि राख्नुपर्छ, यातायातको सहज व्यवस्था हुनुपर्छ, होटल व्यवसायीले पर्यटकलाई कति छुट दिन्छन्, त्यसको निश्चितता हुनुपर्छ, गुणस्तरीयमा ध्यान दिनुपर्छ ।’

भक्तपुरदेखि धुलिखेलसम्म आउने पर्यटकलाई एक पटक नगरकोट घुम्न जाऔँ, कम्तीमा दुईरात बसौँ भन्ने सन्देश देश तथा विदेशमा फैलाउने गरी सञ्चार माध्यम र डिजिटल मिडियाको प्रयोग गर्नेगरि योजना अगाडि लैजानुपर्ने उनले बताए । प्रजिअ अर्यालले सामान्य परिवारदेखि मध्यमवर्गीय परिवारसम्म नगरकोट आएर बस्न सक्ने गरी व्यवस्थापन गर्नुपर्ने जनाउँदै तीन वटै सरकारसँग समन्वय गर्दै भ्रमण वर्ष अगाडि बढाउनुपर्ने बताए ।

नगर प्रमुख जीवन खत्रीले नगरकोटलाई मुख्य पर्यटकीय विन्दु बनाएर चाँगुनारायण, काठमाडौंको शंकरापुर, काभ्रेपलाञ्चोकको मण्डन देउपुर र बनेपा नगरपालिकाले संयुक्त रुपमा आयोजना गर्ने भ्रमण वर्षका लागि भ्रमण वर्षभरि सुरक्षाको व्यवस्था मजबुत गर्न, नगरकोटमा फ्रि वाइफाइ जोन बनाउन, नगरकोट जाने सडकको मर्मत गर्न, विद्युत् आपूर्तिको सहज व्यवस्था गर्नलगायतमा जिल्लास्थित सरकारी कार्यालयले टेवा पुऱ्याउनुपर्ने बताए ।

उनले भने, ‘नगरकोटलाई स्वदेशी तथा विदेशी पर्यटकको प्रस्थान विन्दु बनाएर भ्रमण वर्षको आयोजना गरेका छौँ, विश्व सम्पदामा रहेको चाँगुनारायणदेखि नगरकोटसम्म र ताथलीसम्म वडा नं १ देखि ९ सम्मका प्रत्येक क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने, त्यहाँका सम्पदालाई उजागर गर्ने, उत्पादन प्रर्दशन गर्ने, प्रत्येक महिनामा प्रत्येक वडामा छुट्टै महोत्सव गर्ने र अरु नगरपालिकाले पनि नगरकोटमा संयुक्त र आफ्नो नगरपालिका क्षेत्रमा पर्ने पर्यटकीय गतिविधि गर्ने गरी तयारी गरिएको छ ।’

प्रहरी परिसरका प्रहरी उपरीक्षक माधव बुढाथोकीले भक्तपुरमा भएका प्रहरीलाई सम्भव भएसम्म नगरकोटमा परिचालन गरी सुरक्षाका व्यवस्था गर्ने, सडकमा सिसी क्यामरा राख्नुपर्ने, स्थानीय स्वयंसेवक परिचालन गर्नुपर्ने र सडक मर्मत गर्नुपर्ने बताए ।

विद्युत् प्राधिकरणका प्रमुख सत्यनारायण साह र दूरसञ्चार प्राधिकरणका प्रमुख रामप्रसाद साहले कार्यक्रमस्थलको सब स्टेशन हटाएर विद्युत्को व्यवस्था गर्ने, खम्बाको मर्मत गर्ने, अनावश्यक खम्बा हटाउने, खम्बामा रहेको निजी कम्पनीका इन्टरनेटको लथालिङ्ग तार हटाउनुपर्ने बताए ।

शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख कमला ज्ञवालीले संस्कारयुक्त शिक्षाका लागि योग शिक्षाको अभियान चलाउनुपर्ने, एक विद्यालय एक उद्यमशीलताको अभियान चलाउनुपर्ने, विद्यालयमा शुक्रबार पुस्तक निःशुल्क बनाउनुपर्ने, शैक्षिक भ्रमणका कार्यक्रम नगरकोटमा राख्नुपर्ने बताए ।

# गाडिएको अवस्थामा किशोरीको शव फेला

**इलाम/मस-** इलाममा एक किशोरीको शव गाडिएको अवस्थामा फेला परेको छ । फाकफोकथुम गाउँपालिका-३ सल्लेरीकी १९ वर्षीया विमला कट्टेलको शव उनी हराएको १५ दिनपछि फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक मानबहादुर राईका अनुसार कट्टेलको शव फाकफोकथुम गाउँपालिकाको



गोलाइ भन्ने स्थानमा शुक्रबार फेला परेको हो ।

शव उत्खनन् गरी कानुनी प्रक्रिया पूरा गरेर अनुसन्धान अघि बढाइएको सूचना अधिकारी राईले बताए । प्रहरीले उनका श्रीमान् उमेश गिरीलाई नियन्त्रणमा लिएको छ ।

देउमाई नगरपालिका जितपुर माइत भएकी कट्टेल महिला गएको अवस्थमा यही चैत १ गतेदेखि बेपत्ता थिइन् । हराएपछि उनका ससुरा कृष्णलाल गिरीले प्रहरीमा उजुरी दिएका थिए ।

# २१ फरार प्रतिवादीहरू पक्राउ

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ चैत

रौतहटमा २१ फरार प्रतिवादीहरु पक्राउ परेका छन् । चैत १४ गते अदालतको फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएको विभिन्न मुद्दाका २१ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरिएको हो ।

जिल्ला कार्यालय तथा मातहतबाट खटिएको प्रहरी टोलीले खोज तलास तथा पक्राउ गरी आवश्यक कारबाहीको लागि जिल्ला अदालतमा पठाइएको प्रहरीले जनाएको छ ।



पक्राउ पर्नेमा शेख राज महमद, मनिरा खातुन, अमिरखा देवी तथा गणेश साह कानु रहेका छन् । उनीहरु कुटपिट जस्ता मुद्दामा अदालतबाट दोषी ठहर भएपछि फरार रहेका थिए । उनीहरुको जरिवाना शुल्क रु.२०, रु. ५० र रु. ३१ रहेको प्रहरीले जनाएको छ । त्यस्तै पक्राउ पर्ने भोला पासवान, गणेश राय यादव, सुकदेव राय यादव र महमद अनुप रहेका छन् । उनीहरु जालसाजी अपराध मुद्दामा दोषी ठहर भइ फरार रहेका थिए । उनीहरुको जरिवाना शुल्क रु. ६७, रु. १० र रु.२००/२०० फैसला भएको थियो ।

यस्तै घरेलु हिंसामा दोषी ठहर भइ ३ हजार रुपैयाँ जरिवाना सुनाइएका रूपेश महतालाई प्रहरीले पक्राउ गरेको छ ।

त्यसैगरी अर्का दुई जना किर्ते मुद्दामा सजाय सुनाइएका शेख उल्लाह तथा मोनिका शेखिनलाई प्रहरीले पक्राउ गरेको छ । उनीहरुको जरिवाना शुल्क रु.५/५ रहेको छ । यस्तै किर्ते मुद्दामा अदालतले रु. ५० जरिवाना सुनाइएका रामअश्रे रायले पनि पक्राउ परेका छन् ।

यस्तै वन मुद्दामा रु. ५१२५ जरिवाना सुनाइएका ब्रहमदेव कुमर पनि पक्राउ परेका छन् । मुदसिर हुसेन सिद्दिकी तथा बन्दना मिश्रा चेक अनादर जस्ता अपराध मुद्दामा पक्राउ परेका छन् ।

उनीहरुको जरिवाना शुल्क रु. १५०० तथा १००० रहेको प्रहरीले जनाएको छ ।

अर्का तीन जना राम बिजय सहनी, निलम देवी र गणेश राय यादव अभद्र व्यवहार, सम्बन्ध बिच्छेद तथा लुटपिट जस्ता मुद्दामा पक्राउ परेका छन् । अदालतले उनीहरुलाई शुल्क रु. ७३००, २५ तथा २३४० जरिवाना सुनाएको थियो ।

अर्का तीन जना मैरूदिन, छविलाल चौधरी तथा मिर मुस्तुफालाई लेनदेन बिगो र सवारी ज्यान मुद्दामा फरार रहेका थिए । कैद सजाए सुनाइएका उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीहरुको कैद सजाय २ वर्ष, ६ महिना र १ महिना रहेको सूचना अधिकारी प्रहरी नायव उपरीक्षक दिपक कुमार रायले जानकारी दिएका छन् ।

# घिसिङको रिटमा कारण देखाऊ आदेश

**काठमाडौं/मस-** नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिरिङको रिटमा सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ । न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले रिटउपर सुनुवाइ गर्दै कारण देखाउ आदेश जारी गरेको हो ।



घिसिङले प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णयविरुद्ध अन्तिम आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए । अदालतले शुक्रबार लिखित जवाफ माग गर्दै अन्तरिम आदेश हुने वा नहुने विषयमा दुवै पक्षलाई छलफलका लागि यही चैत १७ बोलाएको छ ।

आदेशमा भनिएको छ, ‘यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत आफैँ वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नुहोला ।’

चार महिना कार्यकाल बाँकी रहँदा गत सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो ।

# सिरहा घटना : प्रहरीले सरकारी वकिललाई बुझायो प्रतिवेदन

**सिरहा/मस-** सिरहाको औरही गाउँपालिका-५ मा महायज्ञका नाममा जातीय विभेद गरिएको घटनाको अनुसन्धान प्रतिवेदन प्रहरीले सरकारी वकिलको कार्यालयलाई बुझाएको छ । जातीय भेद्भाव तथा छुवाछूतसम्बन्धी मुद्दाको ६ दिनमै अनुसन्धान सकाएर प्रहरीले प्रतिवेदन सरकार वकिललाई बुझाएको हो ।

अनुसन्धान प्रतिवेदन प्राप्त भएको र त्यसको अध्ययन गर्ने काम भइरहेको जिल्ला न्यायाधिवक्ता राजेन्द्र बस्नेतले जानकारी दिए ।

अध्ययनपछि उक्त प्रतिवेदन अदालतमा अभियोगपत्रका रुपमा दायर गरिने उनले बताए ।

औरहीका दलित समुदायका दीपक मल्लिकको घर भत्काएको घटनामा यही चैत ९ गते साँझ गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादव पक्राउ परेका थिए । त्यसपछि चैत १० गते प्रहरीले उनीहरुसँगै बजरंगी बाबाविरुद्ध पीडितसँग जाहेरी लिएको थियो ।

यही चैत १७ देखि आयोजना हुने भनिएको



महायज्ञका नाममा गत फागुन १० गते अछूत भन्दै महायज्ञस्थलमा रहेको दिपक मल्लिकको घर भत्काइएको थियो । गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्ष र बजरङ्गी बाबाले डोजर लगाएर भत्काइदिएको भनेर घटना सार्वजनिक भएको थियो । यसअघि घटनाबारे संवेदनशील नभएको भन्दै गृह मन्त्रालयले सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललाई मन्त्रालय तथा जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितलाई प्रहरी प्रधान कार्यालय तानेको थियो ।

**भूल सुधार**

मिति २०८१/१२/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित डोटी जिल्लामा रहेको श्री सिद्धनाथ सा.व.उ.समूह जोरायल १ बेरुपाटाको वन क्षेत्रबाट आ.व. ०८१/०८२ मा उत्पादन भई तपशिलमा उल्लेखित घाटगद्दीमा राखिएको तपशिल बमोजिमको सल्ला प्रजातीको गोलिया थान ९२ को ए ग्रेडको परिणाम क्युफिट १७३३.७४ रहेको छ र बि ग्रेड अर्न्तगत थान २६५ को जम्मा परिणाम क्युफिट २१६६.३० गरि दुबै थान ३५७ को परिणाम क्युफिट ३९००.०४ मात्र हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**अध्यक्ष**

**शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना**

**पाँचौं पटक सूचना प्रकाशन मिति २०८१/१२/१६ गते (शनिबार)**

यस सामुदायिक वन उपभोक्ता समुहको मिति २०८१/११/१९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा चौथो पटक प्रकाशित शिलवन्दी दरभाउपत्रबाट वन पैदावार विक्रिको सूचना अनुसार उक्त सूचनाको म्याद अवधिभित्र लट नं. २ देखी लट नं. ८ सम्मका लटहरुमा पुर्ण प्रतिस्पर्धा हुन नसकेको हुँदा यस समूहको मिति २०८१/१२/१३ गतेको निर्णय अनुसार उल्लेखित लट नं. २ देखी लट नं. ८ मा रित पुर्बक पेश भएका बोलपत्रहरुलाइ यथावत कायम राखी पुर्ण प्रतिस्पर्धाको लागि पुनः १५ दिने सूचना प्रकाशन गरिएको छ । डिभिजन वन कार्यालयमा सुचिकृत स:मिल वा कम्पनीले १५ औ दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै दरभाउपत्र खरिद गरि १६ औ दिनको दिउँसो ३:०० बजेभित्र शिलबन्दी दरभाउपत्र दाखिला गर्न हुन आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत सूचना यस समुहको कार्यालयमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

**श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह, राप्ती सोनारी-२, कचनापुर, बाँके**

पुस्तक-समीक्षा

# तत्कालीन समय र समाजका कथाहरू

*कथाकार धनमान श्रेष्ठमा वर्तमान युवा पुस्ताको कथामा जस्तो वैश्विक चेतना, नवीन प्रयोग र दमदार कथानक नभए पनि तत्कालीन समयको चेतसँगसँगै सामाजिक यथार्थलाई टपक्क टिपेर कथामा उतार्ने सामर्थ्य पाइन्छ...*



■ रत्न प्रजापति

पछिल्लो समय स्रष्टाहरूका चुनिएका सिर्जना संग्रह गरी पुनः प्रतिनिधि संग्रह प्रकाशन गर्ने परम्परा विस्तारै बढ्दै गएको छ । प्रतिनिधि संग्रह भनिसकेपछि सो संग्रहमा समावेश भएका सिर्जनाले कुनै समय, समाज, विषय र विचारको प्रतिनिधित्व गरेका हुन्छन् भन्ने मान्यता पनि रहिआएको छ ।

प्रतिनिधित्व गर्ने सामर्थ्य भएका सिर्जना समावेश गरिने हुँदा प्रतिनिधि संग्रहलाई गुणवत्ताका दृष्टिकोणले अति नै महत्त्वपूर्ण रूपमा लिइन्छ । विशेषगरी प्रतिनिधि कवितासंग्रह, प्रतिनिधि कथासंग्रह, प्रतिनिधि गजलसंग्रह, प्रतिनिधि गीतसंग्रह र प्रतिनिधि लघुकथासंग्रह पनि प्रकाशन भएका छन् ।

प्रतिनिधि संग्रह प्रकाशन गर्ने क्रममा पछिल्लो पटक लामो समयदेखि कथा लेख्दै आएका कथाकार धनमान श्रेष्ठको प्रतिनिधि कथासंग्रह 'धनमान श्रेष्ठका प्रतिनिधि कथा' प्रकाशन भएको छ । यो संग्रहको सम्पादन कार्तिकेय घिमिरेले गरेका छन् भने यो संग्रहलाई स्वर प्रकाशन, काठमाडौंले प्रकाशन गरेको छ ।

यो संग्रहमा २०२४ सालदेखि २०७८ सालसम्ममा लेखिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित जम्मा १६ वटा कथाहरू समाविष्ट छन् ।

संग्रहका कथाहरूको पठनपछि यो प्रतिनिधि कथासंग्रह प्रकाशन गरिनुको औचित्यको पुष्टि भएको महसुस हुन्छ । हरेक कथाले तत्कालीन समय, समाज, विषय र विचारको कुनै न कुनै रूपमा प्रतिनिधित्व गरेका पाइन्छ । कथा पठनका क्रममा तत्कालीन समय र समाजको परिवेश, घटना, दृश्य र पात्रहरू चलचित्रको पर्दामा झैं आँखामा आउँछन् । त्यतिखेर पठनको छुट्टै आनन्द प्राप्त हुन्छ र भिन्नै अनुभूति हुन्छ ।

कथाकारले तत्कालीन समय र समाजका भिन्न विषयहरूलाई कथानक बनाएर आफ्ना विचारको सौन्दर्यले सजाएर लेखिएका कथाहरूले पठनको बेग्लै आनन्द दिन्छन् । कुनै वाद र सिद्धान्तलाई अंगीकार नगरी स्वतन्त्र विचारमा लेखिएका अत्यन्तै सरल र सहज प्रवाहका कथाहरूले पाठकलाई सुरुदेखि अन्त्यसम्म उत्तिकै मोहित बनाई राख्छन् । छोटो आयामका कथाहरूले पठनमा उत्साह पनि जगाउँछन् । यो उत्साहले पठनको आनन्दलाई दोब्बर बनाउँछ ।

धेरैजसो कथाहरू सामाजिक यथार्थको धरातलमा लेखिएका छन् । यद्यपि, कुनैकुनै कथामा राजनीतिक पृष्ठभूमिलाई पनि कथानक बनाइएको छ, जुन कथामा त्यतिखेरको राजनीतिक पृष्ठभूमि र त्यसले सिर्जना गरेको फरक परिस्थितिको चित्रण गरिएको छ ।

अधिकांश कथा ग्रामीण परिवेशमा लेखिएका छन् भने शहरी परिवेशमा लेखिएका कथा पनि छन् । कथाका अधिकांश पात्रहरू गरिबीले पिल्सिएर असहजता र अभावमा बाँचेका छन् । तथापि, ती पात्रमा आर्थिक, सामाजिक र राजनीतिक चेतनाको स्तर बढ्दै गरेको संकेत पाइन्छ ।

पात्रको यौन मनोविज्ञान, विकृत मनोदशा, मानसिक अन्तरद्वन्द्व, मानवीय संवेदना आदिको विश्लेषणमा कथाकारको कलम दरिलोसँग चलेको महसुस हुन्छ । विशेषगरी पात्रको मनोविश्लेषण अत्यन्तै प्रभावशाली लाग्छ । पात्रको मनोदशाले पाठकको हृदयलाई पनि उत्तिकै अभिभूत तुल्याउँछ ।

संग्रहको पहिलो कथा 'कैदी' राणा, राजा र प्रजाको तत्कालीन समयलाई प्रतिबिम्बित गर्ने प्रभावशाली कथा हो । यद्यपि, यो कथामा राजनीतिभन्दा सामाजिक यथार्थको एउटा उल्लेख्य पाटोलाई उठान गरिएको छ । विशेषगरी दरबारका यौनेच्छाले छटपटिएका मैयाँ साहेबहरूको खेलौना बन्न बाध्य एउटा निरीह पात्रको मनोदशालाई निकै प्रभावशाली ढंगमा प्रस्तुत गरिएको छ ।

जेल जस्तो दरबार र खेलौना जस्तो जीवनबाट मुक्ति खोजिरहेको पात्र अचानक चोरीको आरोपमा कैदमा परेको घटनाले विस्मित तुल्याउँछ ।

'नसोचिएका दिनहरू' कथामा पहिलेपहिले गाउँबाट भागेर (वि)देश जाने चलनलाई कथानक बनाएर प्रस्तुत गरिएको छ । यो कथामा रेलको बारेमा सुनेर रेल हेर्न र चढ्न निकै उत्सुक एउटा सोझो गाउँले केटाको मनको अन्तरद्वन्द्व केलाइएको छ ।




'यौटा भ्रम' एउटा उत्कृष्ट यौन मनोवैज्ञानिक कथा हो । स्वास्नीको मृत्युपछि मानसिक रूपमा विक्षिप्त जस्तै भएको एउटा पात्र कुमारको अस्वाभाविक क्रियाकलाप र उसको मनोदशालाई चित्रण गरिएको यो कथा निकै मार्मिक छ ।

'कान्छी स्वास्नी' कथामा विशेषतः मातृत्वमोहलाई जोड दिइएको छ । त्यही मातृत्वमोहलाई पूर्ण बनाउन स्वास्नी मान्छेले जस्तोसुकै उपाय अपनाउन सक्छन् भन्ने संकेत यो कथाले गरेको छ ।

यस्तै, 'मेला' एउटा सन्देशमूलक कथा हो । पाप नगरे पाप पखाल्ने दुःख गर्नै पर्दैन भन्ने सामाजिक सन्देश दिने यो कथाले सामाजिक आडम्बरमाथि नजानिँदो किसिमले तीखो व्यंग्य पनि प्रहार गरेको छ ।

रोजीरोटीका लागि घर परिवार, समाज र देशबाट पनि टाढा जानुपर्ने तत्कालीन परिस्थितिजन्य बाध्यताको चित्रण गरिएको मर्मस्पर्शी कथा हो- 'टाढाको सम्झना ।' 'गंगालाल' एउटा उत्कृष्ट कथा हो । राजनीतिक चेतसहित ऐतिहासिक पृष्ठभूमिमा लेखिएको यो कथाले कथाकारको राजनीतिक चेत बलियो भएको पुष्टि पनि गरेको छ । झिनोरूपमा राजनीतिलाई पृष्ठभूमिमा बनाइएको यस कथामा तत्कालीन राजनीतिक परिस्थितिको प्रतिविम्ब झल्किएको छ । शहीदको सपना पूरा नभएको आशय कथामा आएको छ ।

लघु आयामको 'ठूलो मान्छे' कथामा विसंगतिप्रति कटाक्ष गरिएको छ । तुलनात्मक रूपमा अलि लामो कथा 'सम्बन्ध विच्छेद'को सार भने छोटो छ तर महत्त्वपूर्ण छ । 'स्वदेशमा रोजगारी नहुँदा विदेशमा जान बाध्य हुनु । रोजगारी पाउनेहरूलाई पनि न्यूनतम आवश्यकता पूरा गर्न तलबको कमी हुनु' (पृष्ठ : ४८) का कारणले घर व्यवहार चलाउने श्रीमती असन्तुष्ट हुँदा सम्बन्ध विच्छदेको परिस्थिति उत्पन्न हुन सक्छ भन्ने सन्देश यो कथामा छ ।

'क्यान्सर- ३' स्वास्थ्य जनचेतनामूलक कथा हो । यसमा पाठेघरको क्यान्सरको शंका गरिएकी एउटी महिलाको पीडित मनोदशालाई निकै सुन्दर ढंगले प्रस्तुत गरिएको छ । कताकता यौनको सन्दर्भले पाठकको मनमा कुतकुती पनि लगाउँछ ।

तुलनात्मक रूपमा अलि लामो कथा 'घरजम कि परजाम'मा बिहे गर्ने उमेर घर्किन लागेकी एउटी पात्रको मनोदशालाई केलाइएको छ । नारी संवेदनामा आधारित यो कथाको प्रस्तुति निकै रोचक छ । लघु आयामको तर प्रखर राजनीतिक चेत भएको 'यो हार कसको ?' कथामा चुनावका बेला विजय जुलुसमा 'यो जित कसको ? जनताको' भनेर नारा लाउने गरे पनि वास्तवमा त्यो जित केवल नेताकै मात्र भएको र जनताले चाहिँ सधैं हार्ने गरेको कटु यथार्थलाई प्रस्तुत गरिएको छ । लघु आयामको 'उन्मुक्ति' कथामा कमजोर र तजबिजी कानुनी व्यवस्थाप्रति व्यंग्य गरिएको छ । ।

देशका युवा वर्ग बढी कमाउने र छिटो कमाउने लोभमा विदेशमा खतरापूर्ण, जोखिमयुक्त र गाह्रोसाह्रो कामका लागि जान लालायित भएकाले देशको ऊर्वर भूमि बाँझो पर्न थालेको यथार्थलाई 'बाँझो खेत'मा प्रस्तुत गरिएको छ ।

यसैगरी 'पुनर्विवाह'मा विमान दुर्घटनामा लोग्ने गुमाएकी एकल महिलाको पीडा सँगसँगै उसको सम्बन्ध अर्को पुरुषसँग जोडिएको र उसैगसँग विवाह भएको सन्दर्भ छ ।

संग्रहको अन्तिम कथा 'अक्सिजन प्लान्ट'मा कोरोनाकालीन समयको चित्रण गर्दै त्यस समयमा भएको अक्सिजन अभावको सन्दर्भलाई प्रभावशाली ढंगमा प्रस्तुत गरिएको छ ।

कथाकार धनमान श्रेष्ठका कथामा समयचेत र समयबोध छ । उनले आफूले देखेको र भोगेको समय अनि त्यो समयको समाजलाई आफ्ना कथामा उतारेका छन् । मानवीय संवेदना उनका कथाहरूको मुख्य विशेषता हो । उनका कथाले पात्रका कथासँगसँगै समयको पनि कथा भनिरहेका हुन्छन् ।

श्रेष्ठका कथामा भएको दृश्यात्मकताले पाठकलाई मोहित बनाउँछ । कथा पढिरहँदा आँखामा चलचित्रमा झैं दृश्यहरू आउँछन् । यसले पाठकलाई कथामा डुब्न मदत गरेको छ । श्रेष्ठका कथाहरूको अर्को उल्लेख्य पक्ष भनेको पात्रको मनोदशाको चित्रण हो । मिहीन ढंगले पात्रको मनोदशा केलाउन कथाकार श्रेष्ठ निकै खप्पिस छन् ।

पात्रको मनमा उठ्ने भावना, डर, चिन्ता, उत्तेजना र यी सबैका कारण उत्पन्न हुने मानसिक अन्तर्द्वन्द्वको चित्रणले कथालाई रोचक बनाएको पाइन्छ । सरल भाषाशैलीमा लेखिएका कथाहरू संप्रेष्य र बोधगम्य छन् । समग्रमा कथाहरू पठनीय छन् । पाठकहरूले यो कथासंग्रहको पठनबाट अलि अगाडिको समय र समाजलाई तुलनात्मक दृष्टिले हेर्ने अवसर पनि पाउने छन् ।

संग्रहभित्रका कथाले तत्कालीन समय र समाजलाई प्रतिबिम्बित गरेका छन् । त्यस्तै, कथाका पात्रहरूले तत्कालीन समय र समाजको यथार्थ अनि त्यो समय र समाजमा बाँचेका पात्रहरूको जीवन र चरित्रको प्रतिनिधित्व गरेका छन् ।

हरेक कथामा समयले दिएको अनुभव र अनुभूतिको मिश्रित सुवास छ । समयले सिकाएको पाठ छ । त्यसैले, उनका कथामा शिक्षा छ, सन्देश छ र पठनको आनन्द पनि छ ।

कथाकार धनमान श्रेष्ठमा वर्तमान युवा पुस्ताको कथामा जस्तो वैश्विक चेतना, नवीन प्रयोग र दमदार कथानक नभए पनि तत्कालीन समयको चेतसँगसँगै सामाजिक यथार्थलाई टपक्क टिपेर कथामा उतार्ने सामर्थ्य पाइन्छ ।

कविता

## बाटो नबिराऊ कर्ण



जुनू घिमिरे

कसैले बिक्रीको आह्वान गर्दा बेचिने
कसैले नियन्त्रणमा लिँदा नियन्त्रित हुने
शरीर होइन मेरो
आमा बेचेर देश बनाउने
सपना देख्छौ तिमी ।

बहिनीको योनी खुल्ला गरेर
घरभित्र पिचास भित्र्याउन चाहन्छौ
दिदीका स्तनलाई खेल मैदान बनाएर
रेफ्री बन्न खोज्दै छौ
हो महाशय ! तिम्रा निकृष्ट नजर
तिम्रै फुपू, भाउजू, भान्जीको
नितम्बमा पऱ्यो
र, काँचो मासु बेच्ने योजना
अगाडि साऱ्यौ ।

यही भूमि हो
सतीदेवीको गुह्य पतन भएको ठाउँ
जो आजसम्म पूजित छ
देखाउनलाई कयौं धार्मिक इतिहास छन्
सांस्कृतिक सभ्यता छन्
मानव निर्मित कला कौशलदेखि
सुन्दर प्रकृति छ
जसले देशलाई
समृद्धिको बाटोमा हिँडाउन सक्छ
तर, तिमी
नारीका गुप्तांग देखाएर
डलरको स्वाद चाख्न चाहन्छौ
किनकि,
तिमी व्यापारी भइसक्यौ ।

सिमाना बेच्न नहिच्किचाएका तिमी
माग गरिरहेछौ
नारीको इज्जत बेच्ने कानुन
जसरी भारी सभामा दुशासनले
एक नारी निर्वस्त्र गर्न खोजे
त्यस्तै सभामा उभिएर नारीमाथि
धावा बोलिरहेछौ महामहिम !

जसलाई यो ज्ञान नहुन सक्छ
सन्तान कुपुत्रो भए
कुन्तिले झैं
आँखा चिम्लिन सक्छन् आमाहरूले
होसियार !
कुबाटो हिँड्न खोज्ने कर्णहरू !

## दादाको नयाँ जीवन

संस्मरण



■ ईश्वरा श्रेष्ठ

*दादाको यो अवस्थाबाट हामीले शिक्षा पायौं जीवन एक अनमोल उपहार रहेछ, जसलाई हामीले ख्यालठट्टा गर्नु हुन्न । यसलाई सदुपयोग गर्नुपर्छ । साथै, हामीले आफ्नो स्वास्थ्यलाई विशेष ध्यान दिनुपर्छ ।*

जीवनका हरेक यात्राहरू अप्रत्याशित मोडहरूले घेरिएका हुँदा रहेछन् । मेरो दादाको जीवनले पनि यस्तै अतिकठिन मोड पार गरायो, जसले गर्दा मुटुको भल्भ परिवर्तन गर्नुपर्ने एकदम जटिल शल्यक्रियावाट उहाँलाई जीवनको दोस्रो मौका पाउने अवसर दियो ।

काठमाडौंस्थित मेडिसिटी अस्पतालको अत्यन्तै कुशल चिकित्सक, समर्पित नर्स र हाम्रो परिवारको अटुट साथले उहाँले मृत्युको मुखबाट फर्केर नयाँ जीवन पाउने मौका पाउनुभयो । यो अवस्था उहाँको संघर्ष, दुःख, हाम्रो आशा, विसास र मेडिसिटी अस्पतालका सबै व्यक्तित्वहरूको विसास र साथका कारण भएको हो ।

दादाले मेरा लागि गर्नुभएको त्याग र साथ, सहयोग कसरी बयान गरौं म ? भन्ने शब्द छैन । भन्नु नै पर्दा, एउटा परिवारको सदस्य मात्र नभएर परिवारकै बलियो खम्बा हुनुहुन्छ उहाँ । उहाँको कार्य र सरल जीवनशैली, सकारात्मक दृष्टिकोण र सबैलाई सहयोग गर्ने भावनाले मलाई सधैं प्रभावित पारिरहन्छ ।

समयको खेल हो । केही महिनाअघि उहाँलाई सास फेर्न गाह्रो हुने, छाती दुख्ने र कमजोरी महसुस हुने समस्या देखियो । सुरुमा उहाँले परिवारले पिर लिन्छ भन्ने लागेछ र यसलाई लुकाउने प्रयास गर्नुभयो । तर, अचानक बेहोस हुनुभयो र एम्बुलेन्स बोलाएर अस्पताल पुऱ्यायौं ।

हतारहतार विभिन्न परीक्षणपछि डाक्टर हरूले दादाको मुटुका २ वटै भल्भमा गम्भीर समस्या भएको पत्ता लगाए । उहाँको मुटुको भल्भ साँघुरो भएको थियो, जसले गर्दा सास फेर्न र रगत प्रवाहमा बाधा पुगिरहेको थियो । डाक्टरहरूले तुरुन्तै शल्यक्रिया गर्नुपर्ने बताउनुभयो । हामी सबैलाई यो खबरले आकाशले किचेजस्तो र धर्ती नै फाटेजस्तै स्तब्ध बनायो ।

साँच्चै मुटुको शल्यक्रियाको नाम सुन्दा नै आफ्नै मुटुले काम नगर्ला जस्तो हुन्थ्यो र धेरै डर लाग्थ्यो तर दादाको जीवन बचाउनु हाम्रो हरप्रयास र पहिलो काम थियो । हामीले मेडिसिटी अस्पतालको कार्डियोथोरासिक विभागका बारेमा सुनेका थियौं । सबैको सल्लाहमा त्यहाँका डाक्टरहरू मुटुको शल्यक्रियामा विशेषज्ञ भएका कारण र अस्पतालमा अत्याधुनिक उपकरणहरू रहेका हुँदा हामीले दादालाई मेडिसिटी अस्पतालमा भर्ना गर्ने निर्णय गऱ्यौं ।

त्यसैअन्तर्गत मेडिसिटी अस्पतालमा दादाको उपचार सुरु भयो । डाक्टरहरूले विभिन्न परीक्षण गरेर शल्यक्रियाको योजना बनाका थिए । उहाँलाई शल्यक्रियाका बारेमा विस्तृत जानकारी दिइयो । उहाँको मनमा रहेको डरलाई कम गर्न प्रयास गरियो । दादाले पनि डाक्टरहरूमाथि विश्वास देखाउनुभयो र शल्यक्रियाका लागि तयार हुनुभयो ।

शल्यक्रियाको दिन मलगायत परिवारका सदस्यहरू अस्पतालको प्रतीक्षा कक्षमा चिन्तित भएर बसेका थियौं । हामी सबैले दादाको सफल शल्यक्रियाका लागि प्रार्थना गरिरहेका थियौं ।

शल्यक्रिया ६ घण्टासम्म चल्यो । हामीले प्रत्येक मिनेट डर र चिन्तामा बितायौं । समय बित्दै गर्दा छिनछिनमा सोध्न जाँदै रुँदै फर्कियौं । अन्ततः, डाक्टरहरूले शल्यक्रिया सफल भएको घोषणा गरेर हामीलाई भेट्न दिनुभयो ।

हामी सबैले ठूलो सास फेऱ्यौं । आँखाभरी आँसु झाऱ्यौं । दादालाई आईसीयूमा राखियो, जहाँ उहाँलाई निरन्तर निगरानी गरियो ।

आईसीयूमा दादाको अवस्था नाजुक थियो तर डाक्टर र नर्सहरूको अनेक प्रयासले गर्दा उहाँको अवस्था बिस्तारै सुधार हुँदै आयो । आईसीयूमा दादालाई श्वासप्रश्वासमा सहयोग गर्न भेन्टिलेटरको प्रयोग गरिएको थियो । उहाँलाई विभिन्न औषधिहरू दिइएको थियो र उहाँको मुटुको कार्यलाई निगरानी गर्न विभिन्न उपकरणहरू प्रयोग गरिएको थियो ।

आईसीयूमा कार्यरत नर्सहरूले उहाँको व्यक्तिगत हेरचाह गरे । उनीहरूले उहाँलाई आरामदायी बनाउन र उहाँको मनमा सकारात्मक भावना जगाउन हरसम्भव प्रयास गरे ।

दादाको उपचारमा संलग्न डाक्टरहरूले हामीलाई उहाँको अवस्थाका बारेमा नियमित रूपमा जानकारी दिन्थे । उनीहरूले हामीलाई उहाँको प्रगति देखाउँथे र हामीलाई हौसला दिन्थे । उनीहरूको सकारात्मक दृष्टिकोण र व्यावसायिकताले हाम्रो मनमा आशा जगाएको थियो ।

केही दिनपछि, डाक्टरहरूले दादालाई आईसीयूबाट साधारण वार्डमा सार्ने निर्णय गरे । उहाँको स्वास्थ्यमा सुधार भएको थियो र उहाँ आफैं सास फेर्न सक्ने हुनुभएको थियो । उहाँको मुटुको कार्य पनि सामान्य हुँदै गइरहेको थियो ।

साधारण वार्डमा दादालाई फिजियोथेरापी र अन्य आवश्यक उपचारहरू गरियो । उहाँलाई हिँड्न र आफ्ना दैनिक क्रियाकलापहरू गर्न सहयोग गरियो । उहाँको स्वास्थ्यमा दिन प्रतिदिन सुधार हुँदै गयो । उहाँ पहिलाको भन्दा पनि बलियो र स्वस्थ हुनुभएको छ ।

मेडिसिटी अस्पतालको वातावरण सकारात्मक थियो । त्यहाँका डाक्टर, नर्स र कर्मचारीहरू सबै सहयोगी थिए । उनीहरूले हामीलाई सधैं हौसला दिए र दादाको उपचारमा सहयोग गरे । केही हप्तापछि, डाक्टरहरूले दादालाई अस्पतालबाट डिस्चार्ज गर्ने निर्णय गरेपश्चात् उहाँ पूर्ण रूपमा निको हुनुभएको थियो ।

उहाँले पुनर्जन्म पाउनुभयो, फेरि खुसी र उत्साह फर्किएको थियो । साथै, डिस्चार्ज भएपछि दादाको जीवनमा ठूलो परिवर्तन आयो । उहाँले आफ्नो जीवनलाई नयाँ दृष्टिकोणबाट हेर्न थाल्नुभयो ।

उहाँले आफ्नो स्वास्थ्यलाई ख्याल गर्न थाल्नुभयो । समय-समयमा नियमित रूपमा व्यायाम गर्न थाल्नुभयो र स्वस्थ खाना मजाले खान थाल्नुभयो ।

हाम्रो परिवारमा दादाको यो अवस्थाबाट हामीले शिक्षा पायौं जीवन एक अनमोल उपहार रहेछ, जसलाई हामीले ख्यालठट्टा गर्नु हुन्न । यसलाई सदुपयोग गर्नुपर्छ । साथै, हामीले आफ्नो स्वास्थ्यलाई विशेष ध्यान दिनुपर्छ ।

दादाको यो पुनर्जन्मको अवस्था मेडिसिटी अस्पतालका महान चिकित्सक र समर्पित नर्सहरूको प्रयासको परिणामका कारणले सम्भव भएको हो । अस्पताल परिवारप्रति सधैं आभारी रहने छौं । नयाँ जीवनको शुभकामना दादा ।

# विद्यालय शिक्षा विधेयक तत्काल अघि बढाउन आग्रह

**काठमाडौं/मस–** विभिन्न राजनीतिक दलका प्रमुख सचेतकहरुले विद्यालय शिक्षा विधेयक द्रुत गतिमा अघि बढाउन सम्बन्धित समितिसमक्ष अनुरोध गरेका छन् । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापासहितको छलफलका क्रममा प्रमुख दलका प्रमुख सचेतकले उक्त आग्रह गरे ।

साथै उनीहरुले त्यसमा आफ्नो दलको पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गरे । त्यस अवसरमा मन्त्री भट्टराईले सो विधेयक शीघ्र टुंगोमा पुऱ्याउन उपसमितिमार्फत काम भइरहेको उल्लेख गर्दै सहयोगका लागि सबै



दलसँग आग्रह गरे ।

त्यस अवसरमा शिक्षक आन्दोलनका विषयमा समेत छलफल भएको थियो । सहभागी प्रमुख सचेतकहरुले शिक्षकहरूसँग यसअघि सरकारले गरेका सम्झौताहरूलाई विधेयकमा सम्बोधन गर्न सुझाव दिए । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा हाल दफावार छलफल भइरहेको छ । समितिका सभापति थापाले यस विषयमा थप छलफल गरी विधेयकलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढाउने जानकारी दिए ।

छलफलमा नेपाल कम्युनिष्ट पार्टी(एमाले)का मुख्य सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)का प्रमुख सचेतक हीतराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारलगायत सहभागी थिए ।

# संस्कारसहितको शिक्षा आवश्यक : कुलपति राई

**काठमाडौं/मस–** काठमाडौंको सोल्टीमोडमा रहेको राइजिङ स्टार सेकेन्डरी बोर्डिङ स्कुलमा 'विद्यालयमा कुलपति कार्यक्रमका साथै प्रतिभा प्रवर्द्धन कार्यक्रम' सम्पन्न भएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यतामा सो कार्यक्रम आयोजना गरिएको हो ।




प्रमुख अतिथि राईले स्कुल अध्ययन गर्दा भोजपुरमा आवतजावत गर्ने जंगलको बाटो एक्लै हिँड्नुपर्दाको कठिनाइबारे आफूले ७/८ कक्षामा 'बाटो'बारे कविता लेखेको स्मरण गर्दै 'ह्यारी मलाई हतार छ' बोलको कविता सुनाएका थिए ।

उनले अब 'संस्कारसहितको शिक्षा' आवश्यक रहेको बताउँदै विद्यार्थीहरूलाई साहित्य साधनामा लाग्न प्रेरित गरे । कार्यक्रममा कुलपति राई र विद्यार्थीबीच कविता रचना प्रक्रियाबारे अन्तरसंवाद भएको थियो । साथै, विद्यार्थीबाट समेत कविता प्रस्तुत गरिएको थियो । कार्यक्रममा अतिथिहरू प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमला, पत्रकार एवं कवि सगोत्री आचार्य, कवि राधा कार्की दुलाललगायतले मन्तव्य राखेका थिए । स्टार राइजिङ सेकेन्डरी बोर्डिङ स्कुल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रिन्सिपल राजुकुमार राईले स्वागत मन्तव्य राखेका थिए ।

# विरहीलाई लाइफटाइम एचिभमेन्ट अवार्ड

**काठमाडौं/मस–** दोस्रो राष्ट्रिय डिजिटल मिडिया अवार्ड २०८१ बाट पत्रकार, सञ्चारकर्मी तथा समाजसेवीहरू सम्मानित भएका छन् । राष्ट्रिय नाचघरमा आयोजित समारोहमा पत्रकार,सञ्चारकर्मी तथा समाजसेवीहरूलाई सम्मान गरिएको हो । समारोहमा प्रमुख अतिथि प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगर, सांसद गणेश पराजुली, आयोजक न्यूज एक्सप्रेस मिडिया प्रा. लि.का अध्यक्ष मिलनसिंह परियार, प्रबन्ध निर्देशक जीवन अधिकारी र अनलाइन टिभी पत्रकार संघका अध्यक्ष तथा अवार्ड सिफारिस समितिका संयोजक जीवन भण्डारीले अवार्ड वितरण गरेका थिए ।




यस वर्षको डिजिटल मिडिया लाइफटाइम एचिभमेन्ट अवार्ड वरिष्ठ पत्रकार हरिहर विरहीलाई प्रदान गरिएको छ । उनले नेपाली पत्रकारिताको उत्थान, निष्पक्षता, सत्यतथ्य समाचारको प्रकाशन तथा प्रेस स्वतन्त्रताको रक्षा गर्दै लोकतन्त्रको मजबुतीकरणमा पुऱ्याएको योगदान अतुलनीय रहेकाले अवार्ड प्रदान गरिएको आयोजकले जनाएको छ । पत्रकारिताप्रतिको उनको निष्ठा, अडान, निर्भीकता, निष्पक्षता र योगदान धेरैका लागि प्रेरणादायी र अमूल्य रहेको पनि उनलाई प्रदान गरिएको प्रमाणपत्रमा उल्लेख गरिएको छ ।

न्यूज एक्सप्रेस मिडिया प्रा.लि.ले गत वर्षको पहिलो राष्ट्रिय डिजिटल मिडिया लाइफटाइम एचिभमेन्ट अवार्ड ९४ वर्षीय वरिष्ठ पत्रकार भैरव रिसाललाई प्रदान गरेको थियो ।

कार्यक्रममा डिजिटल मिडिया एडिटर अवार्ड प्राइम टाइम टिभीका प्रधान सम्पादक मुकुन्द दाहाल, वरिष्ठ पत्रकार डिजिटल मिडिया अवार्डबाट ठाकुर बेल्वासे, पपुलर डिजिटल मिडिया पर्सन अवार्डबाट इमेज टिभीका जगदिश खरेल, पपुलर डिजिटल मिडिया अवार्डबाट नेपाल टाइम्स अनलाइन टिभी, जनआवाज डिजिटल मिडिया अवार्डबाट न्यूज २४ का टेकनारायण भट्टराई, खोज पत्रकारिता अवार्डबाट अन्नपूर्ण पोस्ट दैनिककी ममता थापा, डिजिटल मिडिया उत्कृष्ट पत्रकारिता अवार्डबाट आजको प्रेस अनलाइन टिभीका रोहित भण्डारी, डिजिटल मिडिया प्रस्तोता अवार्डबाट कान्तिपुर टिभीकी रुपा खड्कालाई सम्मान गरिएको थियो ।

त्यसैगरी डिजिटल मिडिया क्रियाशील पत्रकारिता अवार्डबाट हेडलाइन नेपाल अनलाइन टिभीका संजीव रेग्मी, उद्यमशीलता प्रवर्द्धन पत्रकारिता अवार्डबाट सेतोपाटी अनलाइनकी सविना कार्की, डिजिटल मिडिया इथिकल अवार्डबाट सेरोफेरो अनलाइन टिभीका केशवराज जोशी, डिजिटल मिडिया कला पत्रकारिता अवार्डबाट गोपीकृष्ण चापागाईं, डिजिटल मिडिया युवा पत्रकारिता अवार्डबाट शिलापत्र अनलाइनका नवराज कुँवर, डिजिटल मिडिया कल्याणकारी पत्रकारिता अवार्डबाट मेचीकाली अनलाइन टिभीका भोजराज थापा, डिजिटल मिडिया क्यामेरापर्सन अवार्डबाट अनलाइन टिभी नेपालका नवराज गिरी, डिजिटल मिडिया युवा प्रोत्साहन अवार्डबाट केपी अनमोल र डिजिटल मिडिया प्रवास क्रियाशीलता पत्रकारिता अवार्डबाट लक्ष्मण पाठकलई सम्मान गरिएको थियो ।

कार्यक्रममा डिजिटल मिडिया एजुकेटर अवार्ड सेफर्ड मिडिया टेक्नोलोजी कलेजकी प्रमुख कविता शर्मा र उत्कृष्ट सञ्चार उद्यमी महिला अवार्ड प्राइम टाइम टिभीकी निर्देशक एलिजा गौतमलाई प्रदान गरिएको थियो भने हेमन्ता सुवेदी ढुंगेल, उमेश बोहरा, रुद्र ढुंगेल, विजय सापकोटा, देवकुमार पाखिन र रमेश खड्कालाई सामाजिक सेवामार्फत अमूल्य योगदान गरेको भन्दै कदरपत्र प्रदान गरिएको थियो । अवार्ड वितरणपछि कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा प्रतिनिधिसभाकी उपसभामुख रानाले धेरै योगदान गरेका, असल र सफल व्यक्तित्वहरूलाई सम्मान गर्न पाउँदा गौरव महसुस भएको बताइन् । उनले महत्वपूर्ण व्यक्तिहरूलाई कदर गर्ने र काम गरिरहेका व्यक्तिहरूलाई थप पहिचान दिँदै प्रोत्साहन गर्ने न्यूज एक्सप्रेस मिडिया प्रा.लि.को पनि प्रशंसा गरिन् । कार्यक्रम आयोजना गर्न सगरमाथा नेपाल, डालिमा मिडिया र जनबोली टाइम्सले मुख्य प्रवर्द्धकको रूपमा योगदान गरेको आयोजकले जानकारी दिएको छ ।


## युएईमा रोजगार

कम्पनी: DUSSMANN GULF- SOLE PROPRITORSHIP L.L.C. शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ चलानी नं.: ६०२३५३९२ L.T. No.: 321338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | स. काममा दक्ष | 800 | २९,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत २३ गते (5 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885,984-3834191,9709051745,982-7903113, 9801442878



## साउदीमा रोजगार

कम्पनी: Carl Stahl Manufacturing Company, a sole proprietorship शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ चलानी नं.: ६०२३५३५५ L.T. No.: 321305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | स. काममा दक्ष | 1400 | ५१,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BAWAN AL EMAAR CONTRACTING COMPANY LTD. शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ चलानी नं.: ६०२३५३९१ L.T. No.: 321306

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Facade Class Cleaner | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | office And Facilities Cleaning Worker | 290 | 0 | | 1000 | ३६,५१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २३ गते (5 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोवाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np


# व्यावसायिक फर्महरू नवीकरण नहुँदा राजस्व संकलनमा कठिनाइ

**सूर्यप्रसाद भूसाल/मध्यान्ह**
अर्घाखाँची, १५ चैत

जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा राजश्व चुहावट नियन्त्रण समितिको बैठक सम्पन्न भएको छ । बैठकमा समितिका अध्यक्ष तथा प्रजिअ बाबुराम अर्यालले व्यवसायीहरुलाई कसरी करको दायरामा ल्याउने, बजार अनुगमनको अवस्था, स्थानीय साधन स्रोतको उपयोग र विकास निर्माणको ठेक्का लगाउँदा स्थानीय साधन स्रोतको प्रयोग लगायतका एजेण्डाहरुमा छलफल भएको बताए ।




उद्योग अधिकृत दुर्गा न्यौपानेले व्यवसायीहरुका लागि राज्यले पछिल्लो समयमा लिएको नीति र केही व्यवसायीक फर्महरु समयमा नवीकरण हुन नसक्दा लक्ष्यअनुसारको राजश्व हासिल गर्न कठिनाइ भएको बताए ।

कर अधिकृत स्वागत थापाले कर शिक्षालाई व्यापक रुपमा जनचेतना फैलाउन आवश्यक रहेको भन्दै सामान खरिद गर्दा विजक लिने र दिने पद्धतीको विकाश प्रत्येक घरबाट सुरु भएमा राजश्व चुहावटमा केहीसम्म न्यूनीकरण हुने बताए ।

ईश्वरी बक्स गुल्मका सेनानी प्रविण जंग थापा, प्रमुख अनुसन्धान अधिकृत ईश्वरी आचार्य, प्रहरी निरीक्षक विष्णुप्रसाद पौडेल, सशस्त्र प्रहरी बल नेपाल नं.३६ का सहायक प्रहरी निरीक्षक सन्तोष थापा, बरिष्ठ वन अधिकृत गणेश चौधरी, अर्घाखाँची व्यापार संघका अध्यक्ष योगेन्द्र खड्का, चेम्वर अफ कमर्शका अध्यक्ष रामकुमार क्षेष्ठ लगायतको उपस्थिति रहेको सो बैठकलाई प्रमुख कोष नियन्त्रक विष्णुप्रसाद भुसालले सहजीकरण गरेका थिए ।


## बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति :- २०८१/१२/१६

यस बरहथवा नगरपालिकाबाट मिति २०८१/१०/२८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल:-

| सि.नं. | ठेक्का नं. | छनौट भएका फर्म | ठेगाना | कबोल अंक (रु.मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | Goods /NCB-09/2081/082 Supply and Delivery Of Related Drugs | Sarbada Medico Pharma, | Kathmandu | 14,08,181.00/- |
| 2 | Goods/NCB-11/2081/082 Supply and Delivery Of Drugs for Maternal and Newborn child | Sarbada Medico Pharma, | Kathmandu | 8,03,220.00/- |

प्रमुख प्रशासकीय अधिकृत



## काठ लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१२/१६

यस कुएली सामुदायिक वन उपभोक्ता समूह भागेश्वर ४, डुंगरी डडेल्धुराको वन क्षेत्रबाट आ.व. ०८०/०८१ मा उत्पादन भई तपशिलमा उल्लेखित घाटगद्दीमा राखिएको तपशिल बमोजिमको सल्ला प्रजातीको गोलिया थान २०० को क्युफिट ३५१७.२१ उक्त काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कुएली सामुदायिक वन उपभोक्ता समूह भागेश्वर ४, डुंगरी डडेल्धुरा**



## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१६

जिल्ला दार्चुला लेकम गा.पा. वडा नं. २, छडावेमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०७९/०८० मा महाकाली कोरिडोर सडक आयोजनाको सडक खण्डबाट संकलन भएर उत्पादन भई लेकम गा.पा. २, कुस्काँडामा घाटगद्दी गरी राखिएको लट नं. १ खोटे सल्ला गोलिया थान **१९८** को परिमाण **१३३४.९०** क्यु.फिट काठ, खोटे सल्ला वल्लावल्ली थान **२९** को **८९.२९** क्यु.फिट र खोटे सल्लाको दाउरा **१** चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री ठूलोढोल सा.व.उ.स. लेकम गा.पा. २, दार्चुला**



Local Government
## Indrawati Rural Municipality
## Office of the Rural Municipal Executive

Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**Invitation For Electronic Bids**

Date of publication: 2081/12/15

1. Indrawati Rural Municipality, Nawalpur, Sindhupalchok invites SQ electronics bids from eligible bidders for the following works.

| contact no | Description of work | Estimated Amount-in Rs | Bid security Amount -in Rs | Bid dacument fee | Last date of Bid submission | Bid opening Date | Bid validity period |
|---|---|---|---|---|---|---|---|
| IRMSI/W/SQ/ 081/082 -04 | Construction of Ashok Bot River Training Works Ward No 12 | 17,09,238.95 without Vat | 50,000.00 | 1000.00 | 2082/01/04 before 12 hours | 2082/01/04 at 13 hours | 45 days + 30 days |

2. Eligible bidders may obtain further information and inspect the bidding documents from visit PPMO e.www.bolpatra.gov.np
3. Bidders must submit their bid electronically may download the bidding document from PPMOs e GP systems.

Chief Administrative Officer

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१६ चैत २०८१ शनिबार
29 March 2025, Saturay

# राजावादीको हिंसात्मक प्रदर्शन






















*शुक्रबार राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले राजधानी काठमाडौंमा गरेको हिंसात्मक प्रदर्शन । तस्बिर : मध्यान्ह*

### मेरो डान्स युनिभर्स र मेरो भ्वाइस युनिभर्स

## शीर्ष १० मा पुग्नेलाई ३ लाख पुरस्कार



**काठमाडौं/मस-** नृत्य प्रतियोगिता 'मेरो डान्स युनिभर्स' र गायन प्रतियोगिता 'मेरो भ्वाइस युनिभर्स'को शीर्ष १० मा पुग्ने हरेक प्रतिस्पर्धीले जनही ३ लाख रुपैयाँ पुरस्कार पाउने भएका छन् ।

नेपाली संस्कृतिलाई पुस्तान्तरण गर्ने उद्देश्यका साथ सुरु गरिएको २ प्रतियोगिताका आयोजक इन्ट्रा-नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारीले अन्तिम प्रतिस्पर्धा हुने दुवै कार्यक्रमका प्रतियोगीलाई सम्मानस्वरूप उक्त पुरस्कार दिइने घोषणा गरेका हुन् ।

उनले भने, 'आफ्नो माटोको सुगन्धसहितको मौलिक संस्कृतिलाई भावी पुस्तामा पुऱ्याउने अभियानले नेपालीको सांस्कृतिक राष्ट्रवाद अझ मजबुत बनाएको छ । नेपाली जातिको पहिचान अझ सशक्त बनाउन र संस्कृतिका माध्यमबाट नेपाली जातिलाई एकताबद्ध बनाउन गायन र नृत्यका कार्यक्रम गरिरहेका छौं ।'

उनले नेपाली संस्कृतिका प्रतिभा जन्माउने र उनीहरूलाई प्रशिक्षित गरी तिखार्ने अभियानमा लाग्ने सम्पूर्ण प्रशिक्षकमा अभार व्यक्त गर्दै यसमा राज्यले निरन्तर साथ दिनुपर्ने धारणा राखे ।

विश्वभरका अडिसनबाट गायनमा १२० र नृत्यमा १२० छनोट गरेर अन्तिम प्रतिस्पर्धा काठमाडौंमा गराइने छ । यी कार्यक्रमले विश्वभरका नेपाली प्रतिभालाई एक ठाउँमा ल्याउने उद्देश्य राखेको छ ।

अमेरिका, बेलायत, पोर्चुगल, अस्ट्रेलिया, जापान, हङकङ, थाइल्यान्ड, दुबई, कतार, सिलगुडी, मुम्बई, पोखरा, नेपालगन्ज, बिर्तामोडलगायतका ठाउँमा अडिसन सम्पन्न भइसकेको र काठमाडौंमा १६ र १७ चैतमा हुने आयोजकले जानकारी दिएको छ ।

दुवै प्रतियोगिताका विजेताले १/१ करोड पुरस्कार पाउने छन् भने उपविजेताले २५ लाख तथा तृतीय हुनेले १० लाख पुरस्कार पाउने छन् । यसबाहेक समूह नृत्य प्रतिस्पर्धाका विजेताले २० लाख, उपविजेताले १० लाख र तृतीय हुनेले ५ लाख पाउने जानकारी पनि कार्यक्रममा दिइएको थियो ।

## 'मिस्टर एन्ड मिस हिमालय'मा छानिए ३ विजेता



**काठमाडौं/मस-** 'मिस्टर एन्ड मिस हिमालय'मा ३ विजेता छानिएका छन् । एपी ब्युटी पार्लरले आयोजना गरेको प्रतियोगितामा सिनियर र जुनियर गरेर एकसाथ ३ विजेता छानिएका हुन् ।

प्रतियोगितामा जुनियर मिस्टर हिमालयको उपाधि लिविस केसीले जिते । यस्तै, प्रतियोगितामा मिस हिमालयको सिनियरतर्फको उपाधि कल्पना बुढाथोकीले जितिन् भने जुनियरतर्फको उपाधि अभिसा ढकालले जितिन् ।

सिनियर मिस हिमालयतर्फ विनिता मानन्धर फर्स्ट रनरअप, प्रतीक्षा सेकेन्ड रनरअप र सम्पदा खवास थर्ड रनरअप घोषित भए ।

जुनियर मिस हिमालयतर्फ दीपिका क्षेत्री फर्स्ट रनरअप, सासा श्रेष्ठ सेकेन्ड रनरअप र प्रज्ञा श्रेष्ठ थर्ड रनरअप घोषित भए ।

प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरको प्रमुख आतिथ्यमा भएको प्रतियोगिताको निर्णायकमा अभिनेता सलोन बस्नेत, पूर्व मिस नेपाल नम्रता श्रेष्ठ, व्यावसायिक मेकअप आर्टिस्ट तथा मेकअप ट्रेनर टेकराज पाण्डे, मिस नेपाल इन्टरनेसनल, २०२४ सुयशा राउत र मिराकल एकेडेमी सीतापाइलकी प्रिन्सिपल मनकुमारी पोखरेल थिए ।

## अनुशासनले सफलतालाई दीर्घायु बनाउँछ : अभिनेता आचार्य



**काठमाडौं/मस-** कलाकार हरिवंश आचार्यको पहिचान नै हास्य व्यंग्यात्मक प्रहसन र प्रस्तुति रहँदै आएको छ । तर, २०७९ सालमा प्रदर्शन भएको चलचित्र 'महापुरुष'मार्फत राष्ट्रिय चलचित्र पुरस्कारमा उत्कृष्ट अभिनेता घोषणा भएर पुरस्कृत भएपछि उनले आफूलाई नियमितभन्दा फरक भूमिकामा प्रस्तुत गर्दै आइरहेका छन् ।

६७ वर्ष पुगिसक्दा पनि आफ्ना कामलाई उनले गम्भीरतापूर्वक लिन्छन् र नयाँ कलाकारझैं मिहिनेत गरेर आफ्नो कर्म गर्छन् । हालै आयोजना गरिएको एक अन्तरक्रियामा अभिनेता आचार्यले अनुशासनले सफलतालाई दीर्घायु बनाउने बताए ।

उनले भने, 'चलचित्रमा अभिनय गर्दा होस् वा प्रहसन गर्दा अहिले पनि मेरो मुटु ढुकढुक हुन्छ, मनमा डर उत्पन्न हुन्छ । त्यो डर भनेको मेरा लागि अनुशासन हो । त्यसले मलाई मिहिनेत गर्न प्रेरित गर्छ, त्यही कारण मेरो कलाकारिताको यात्रा यहाँसम्म आइपुगेको हो जस्तो लाग्छ ।'

स्वस्थ शरीर, शान्त मानसिक अवस्थासँगै आफ्नो सोच ३७ वर्षको युवा जस्तो भएका कारण काम गर्ने ऊर्जा उनलाई प्राप्त हुन्छ । नकारात्मकता आफूमा रहन नदिएकै कारण उनले गर्ने कर्मले कलाकारितासँगै समाजमा एउटा स्थान बनाएको छ । उनीसँगै मह जोडीका म अर्थात् मदनकृष्ण श्रेष्ठ कलाकारितासँगै सामाजिक रूपमा समेत उच्च स्थान बनाएका कलाकार हुन् ।

रंगमञ्चमार्फत कलाकारिता सुरु गरेका अभिनेता आचार्यले नाटक नगरेको लामो समय भइसकेको छ । यद्यपि, मञ्चमा गरिने प्रहसन र नाटक उस्तै भएको अभिनेता आचार्यले बताए ।

'नाटक र प्रहसन उस्तै हो, खासै अन्तर छैन किनकि दुवैमा दर्शकको अगाडि मञ्चमा कलाकारले आफूलाई प्रस्तुत गर्छन् । मैले यसै वर्ष पनि केही प्रहसन गरें । त्यस कारण म आफूलाई नाटकबाट टाढा रहेको जस्तो लाग्दैन', उनले भने ।

उनले कला क्षेत्रका लागि रंगमञ्च आमाको काखझैं भएकाले यहाँ सिकिने कलाकारिता दिगो हुने अनुभव सुनाए । राष्ट्रिय नाचघरमा गुरु हरिप्रसाद रिमालसँग नाटक, कलाकारले बोल्ने संवादको शैली सिकेको स्मरण गर्दै अभिनेता आचार्यले अभिनयमा रुचि राख्नेले आफूलाई रंगमञ्चमा प्रस्तुत गर्नुपर्ने धारणा व्यक्त गरे ।

'मैले गुरु रिमालसँग आँखाले अभिनय गर्छ भन्ने सिकेँ, त्यहाँ मैले मदन दाइसँग गरेको नाटक विज्ञापनलाई नेपालसँगै विदेशमा समेत प्रस्तुत गरें । हामीले त्यो नेपालमा मात्र ४०० को हाराहारीमा मञ्चन गरेका थियौं । हाम्रो अभिनयको सुरुवात नै रंगमञ्चबाट भएको हो', उनले भने ।

उनले अभिनय गरेको पहिलो चलचित्र 'कुमारी' हो । उक्त चलचित्रमा कलाकार चाहिएको सूचना गोरखापत्र दैनिकमा देखेपछि अभिनेता आचार्यले आफू अभिनय गर्न इच्छुक रहेको निवेदन दिएका थिए । उक्त चलचित्रका निर्देशकको अगाडि एउटा चलचित्रको दृश्यलाई राम्रोसँग प्रस्तुत गरिए तापनि आफू उक्त भूमिकाका लागि छनोट नभएको अभिनेता आचार्यले बताए ।

स-साना भूमिकामा देखिए पनि उनले 'जीवनरेखा' र 'वासुदेव' पछि राम्रो र बढी समय पर्दामा देखिने भूमिका प्राप्त गरे । त्यसपछि अभिनयमा सक्रिय रहेका अभिनेता आचार्यले अहिले पनि उस्तै रूपमा निरन्तर काम गरिरहेका छन् । आफैं लेखक र निर्देशकसमेत रहेका अभिनेता आचार्य अरूका चलचित्रमा काम गर्न रुचाउँछन् ।

'अरूले निर्माण गर्नुभएको पात्रमा कलाकार भएर काम गर्न पाउँदा मलाई सहज महसुस हुन्छ, आफैंले लेखन वा निर्देशन गरेको पात्रलाई निर्वाह गर्दा अलि बढी मिहिनेत गर्नुपर्छ', उनले भने । उनले अभिनय गरेको चलचित्र 'भूठान' र 'हरिबहादुरको जुत्ता' आउँदो वर्ष २०८२ सालमा प्रदर्शन हुने छन् ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**